# कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने नेवार समुदायमा 'इहि' संस्कारको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत समाजशास्त्र
विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता
परिपूर्तिका निमित्त त्रिभुवन विश्वविद्यालय समाजशास्त्र
केन्द्रीय विभागमा प्रस्तुत गरिएको

**शोधपत्र**


**शोधार्थी**

**शान्ता लक्ष्मी महर्जन**

**परीक्षा क्रमाङ्क : २८०१०४/२०७६**

**क्याम्पस क्रमाङ्क : ५९/२०६९**

**त्रि.वि. दर्ता नं. : ६-१-३८-११४४-२०००**


**२०७५**

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**विश्वविद्यालय क्याम्पस**

**कीर्तिपुर, काठमाडौँ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रमअनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निम्ति मेरो निर्देशनमा शान्ता लक्ष्मी महर्जनले **कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने नेवार समुदायमा 'इहि' संस्कारको एक अध्ययन** शीर्षकको शोधपत्र तयार गरेकीले उक्त शोध पत्रको अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति :

...........................
सह-प्रा. सुरेन्द्र मिश्र
(शोधनिर्देशक)
समाजशास्त्र केन्द्रीय विभाग
विश्वविद्यालय क्याम्पस
कीर्तिपुर, काठमाडौँ

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**विश्वविद्यालय क्याम्पस**

**कीर्तिपुर, काठमाडौँ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रमअनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको लागि मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत समाजशास्त्र केन्द्रीय विभागकी छात्रा शान्ता लक्ष्मी महर्जनले **कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने नेवार समुदायमा 'इहि' संस्कारको एक अध्ययन** विषयको शोधपत्र उपाधि प्राप्तिका लागि उपयुक्त भएकाले मूल्याङ्कन समितिद्वारा स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

प्रा.डा. तुल्सीराम पाण्डे ...............................
विभागीय प्रमुख

सह प्रा. सुरेन्द्र मिश्र ...............................
शोधनिर्देशक

डा. मीनादेवी उप्रेती ...............................
बाह्य निरीक्षक

मिति :

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि **कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने नेवार समुदायमा 'इहि' संस्कारको एक अध्ययन** शीर्षकको यो शोधपत्र तयार पारेको छु । नेवार समाजमा जन्मदेखि मृत्युपश्चात पनि विभिन्न संस्कारहरू गरिँदै आएको छ । ती संस्कारहरूमध्ये बालअवस्थामा बालिकाहरूलाई मात्र गरिने इहि संस्कार पनि एक महत्वपूर्ण संस्कार हो ।

आफू पनि नेवार समुहको भएको हुनाले बालिका अवस्थामा चैत्य प्रतिष्ठा गरिएको स्थानमा लगि गरिएको इहि संस्कारले आफ्नो छोरीको भाग्य बृद्धि हुन्छ भन्नुभएको थियो र आमा बुबाले अब छोरी ठूली भई ज्ञानी हुनुपर्छ भनेर ज्ञानगुणका कुराहरू सिकाउनुको साथै आफ्नो शैक्षिक योग्यता प्राप्त गर्नको लागि मेरो जीवनको अभिन्न अङ्गको रूपमा रहनु भएको छ । यसै क्रममा नेवारहरूको संस्कारका साथै इहि संस्कारलाई अध्ययन तथा सम्बन्धित विभिन्न समाजका प्रतिष्ठित व्यक्तिहरू तथा नेवार नारीहरूसँग अन्तरक्रिर्या गरी यो शोधकार्य तयार गरेकी छु । यो शोधकार्य इहि संस्कारको सम्पूर्ण होइन, जति सकिएकी छु त्यति सम्म पुग्न खोजिएकी छु ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सुरूदेखि अन्त्यसम्म आफ्नो अमूल्य सुझाव, सल्लाह, निर्देशन तथा महत्वपूर्ण समय उपलब्ध गराउनु भएका समाजशास्त्र केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँका आदरणीय गुरु समाजशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. तुल्सीराम पाण्डे, बाह्य परीक्षक डा. मीनादेवी उप्रेती र शोधनिर्देशक सहप्रा. सुरेन्द्र मिश्रज्यूलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु साथै विभागका सम्पूर्ण कर्मचारीहरू, शिक्षक/शिक्षिकाहरूलाई हार्दिक धन्यवाद अर्पण गर्दछु । साथै मलाई उच्च शिक्षा हासिल गर्नका निम्ति सधैँ हौसला, माया र सहयोग गरी यस स्थान सम्म ल्याई पुऱ्याउनु भएको मेरो बुबाआमा, दाई, दिदीहरूलाई सम्मान गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु । शोधपत्र तयार गर्ने क्रममा टाइपिङ गरेर सहयोग गर्नु हुने युनिभर्सल फोटोकपी एन्ड कम्प्युटर सेन्टरका सुभाष खत्रीप्रति हार्दिक आभार प्रकट गर्दछु । यसै गरी अध्ययनको क्रममा प्रयोग गरिएका पुस्तक, लेख, रचना प्रकाशित गर्नुहुने लेखक, प्रकाशक, अनुसन्धानकर्ता र सम्पूर्ण उत्तरदाताहरू सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

शोधार्थी

**शान्ता लक्ष्मी महर्जन**

समाजशास्त्र केन्द्रीय विभाग

## विषयसूची

### अध्याय : एक

### परिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ६

१.३ अध्ययनको उद्देश्य ६

१.४ अध्ययनको औचित्य ६

१.५ अध्ययनको संगठनात्मक स्वरूप ७


### अध्याय दुई

### सन्दर्भ साहित्यको समीक्षा


२.१ सन्दर्भ साहित्यको समीक्षा ८


### अध्याय तीन

### अनुसन्धान विधि


३.१ अध्ययन क्षेत्रको छनोट र औचित्य १९

३.२ अनुसन्धानको ढाँचा १९

३.३ नमूना छनोट २०

३.४ तथ्याङ्कको स्रोत प्रकृति २०

३.५तथ्याङ्क सङ्कलन विधिहरू २१

३.५.१ अन्तरवार्ता अनुसूची २१

३.६ तथ्याङ्कको प्रस्तुती एवम् विश्लेषण २१

३.७ अध्ययनको सीमाहरू २१


### अध्याय : चार

### अध्ययन क्षेत्रको परिचय


४.१ कीर्तिपुरको परिचय २२

४.१.१ नगरपालिकाको जनसाङ्ख्यिक स्थिति २५

४.२ कीर्तिपुरका नेवारी संस्कारहरू २९

४.२.१ जन्म संस्कार २९

४.२.२ मृत्यु संस्कार ३४

**अध्याय : पाँच**

**इही सम्बन्धी अध्ययन तथा विश्लेषण**

५.१ इही सम्बन्धी अवधारणा ३७
५.२ इहीको सामान्य परिचय ३७
५.३ बौद्ध परम्पराअनुसार इही गर्ने विधिहरू ४०
५.४ हिन्दु परम्परा अनुसार गर्ने इही संस्कार ४१
५.५ पूजा विधि ४३
५.६ इहि र यसमा प्रयोग हुने सामानको प्रतिकात्मक अर्थ ४५
५.७ इहि गर्दा चाहिने सर सामानहरू ४८
५.८ आर्थिक र भौतिक जीवन ५०
५.९ इहि संस्कारमा आएको परिवर्तन ५२

**अध्याय - ६**

**सारांश तथा निष्कर्ष**

६.१ सारांश ५३
६.२ निष्कर्ष ५५
**सन्दर्भ सामग्रीसूची ५८**
**प्रश्नावलीहरू ६१**

## तालिका सूची


तालिका नं. १ : नगरपालिकाको जनसाङ्ख्यिक स्थिति २५

तालिका नं. २ : नेवारको उत्पत्ति सम्बन्धी उत्तरदाताको अवस्था २६

तालिका नं. ३ : नेवारी भाषा सम्बन्धी उत्तरदाताको अवस्था २७

तालिका नं. ४ : धर्म सम्बन्धी उत्तरदाताको अवस्था २८

तालिका नं. ५ : पुरोहित सम्बन्धी उत्तरदाताको अवस्था २९

तालिका नं. ६ : नेवारी संस्कारमा आएको भिन्नताका बारेमा उत्तरदाताको अवस्था ३६

तालिका नं. ७ : इहि गर्दा लाग्ने खर्चका बारेमा उत्तरदाताको अवस्था ४७

# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल विश्व मानचित्रमा एक सानो मुलुकको रूपमा देखिए तापनि यहाँका बहुधार्मिक, बहुसांस्कृतिक, एवम् भौगोलिक विविधतायुक्त मुलुक भएकोले यस मुलुकभित्रको जनजीवनमा यसको प्रभाव परेको देखिन्छ । विभिन्न जनजातिका समूहहरूको बासस्थानका रूपमा नेपालको पहाडी भू-भाग प्रसिद्ध रहेको देखिन्छ । राष्ट्रिय जनजाति विकास समिति (२००२) को अध्ययन अनुसार नेपालमा जम्मा ६१ किसिमको आदिवासी जनजातिहरू रहेको उल्लेख गरिएको पाइन्छ । यी जातिहरू मध्ये नेवार समुदाय काठमाडौँ उपत्यका तथा त्यसको वरिपरि बसोबास गर्दै आएको नेपालको एक आदिवासीहरू हुन् । यिनीहरू धार्मिक रूपमा बौद्धमार्गी र हिन्दू मार्गी दूई समुदायमा विभाजन भए तापनि यिनीहरूले परम्परागत रूपमा अपनाउँदै आएको जनजीवनमा सामाजिक र सांस्कृतिक क्रियाकलापले धार्मिक सहिष्णुता दिलाई एक शुत्रमा बाधिइ नेवार तथा नेवारी संस्कृतिको रूपमा छुट्टै परिचय दिइँदै आएको पाइन्छ ।

प्राचीन नेपाल मण्डल अर्थात् नेपाल कहलिएको काठमाडौँ उपत्यका तथा यसका वरिपरिका कीर्तिपुर नगरपालिकाका आदिवासीहरू वा नेवारहरूले अपनाउँदै आएको सामाजिक संस्कृतिक तथा छुट्टै दर्शनले नेवार जनजीवनमा ठूलो भूमिका खेल्दै आइरहेको पाइन्छ । विविध संस्कारहरू मध्ये नेवार छोरीहरूमा गरिने 'इहि' (बेल विवाह) गर्ने संस्कार पनि एक हो । बालिकाको बालापनबाट नयाँ अवस्थामा प्रवेश गर्ने अर्थात् बयस्कमा प्रवेश गर्ने अवस्थामा गरिने 'इहि' संस्कार ठूली भई भन्ने अर्थमा गरिने सस्कार हो । 'इहि'को शाब्दिक अर्थ विवाह हो । 'इहि' समारोहलाई नेवारहरूले उच्च महत्वका साथ हेर्ने गर्छन् । यो घरेलु संस्कार मध्ये सबैभन्दा पवित्र र उच्च धार्मिक महत्व प्रदर्शन गर्ने घटनाक्रमका रूपमा रहेको देखिन्छ । 'इहि' संस्कार प्रकार्यात्मक रूपमा विवाह र भगवान नारायणसँग गरिन्छ जो चिरञ्जीवी रहेका छन् । यस अर्थमा हेर्दा नेवार महिला कहिल्यै पनि विधवा हुनु नपर्ने हुन्छ । 'इहि'को कारण नेवार महिला विधवा हुन्न् र उनले चाहे अनुरूप धेरै चोटी पुनर्विवाह गर्न पनि सक्छिन् । 'इहि' संस्कार नेवार महिलाको सम्बन्ध विच्छेदको अधिकारसँग

पनि जोडिएको देखिन्छ । त्यसैले नेवार समाजमा ‘इहि’ संस्कारको बारेमा कीर्तिपुर नगरपालिकामा बस्ने नेवारहरूको ‘इहि’ संस्कारका बारेमा अध्ययन प्रस्तुत गरिएको छ ।

कीर्तिपुर नगरपालिका काठमाडौँ जिल्लाको दक्षिण पश्चिम क्षेत्रमा पर्ने एउटा ऐतिहासिक शहर हो । प्राचीन कालदेखि बौद्ध धर्म र संस्कृति एवम् पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण रही आएको छ । काठमाडौँ शहरदेखि उच्च स्थानमा अवस्थित बाक्लो नेवार जातिको बस्ती भएको एउटा सानो शहर हो । यो काठमाडौँ जिल्लाको दुईवटा नगरपालिकामध्ये वि.सं. २०४४ सालमा पालिफल गा.वि.स., चिट्ठुविहार गा.वि.स. बाहिरी गाउँ गा.वि.स., विष्णुदेवी गा.वि.स., बालकुमारी गा.वि.स., चम्पादेवी गा.वि.स. र भूतखेल गा.वि.स. हुन् । यी सात वटा गा.वि.स.हरू गाभिएर बनाएको नगरपालिका हो । यसरी सातवटा गा.वि.स. मिलाएर स्थापना गरेको नगरपालिका अन्तर्गत उन्नाईस वटा वडाहरू रहेका छन् । वि.सं. २०७४ सालमा आएर उन्नाईस वडाहरूलाई घटाएर दसवटा वडाहरू रहेका छन् । यसका क्षेत्रफल करिव १४.७६ वर्ग कि.मी. रहेको छ । यो समुद्र सतहबाट १४१८ मिटर अग्लो रहेको छ । यो नगरपालिकामा विभिन्न जातजातिहरूको बसोबास रहेको पाइन्छ (महर्जन, २०५४) । त्यसमध्ये नेवार जाति पनि एक हो । पूर्व तिर शाक्य र ब्रजाचार्य जातिको बसोबास रहेको छ भने अन्य भेगतिर महर्जन, श्रेष्ठ, तण्डुकार, जोशी, प्रधान, मानन्धर लगायत अन्य थुप्रै जातजातिहरूको बसोबास रहेको पाइन्छ । विशेषगरी नेवारहरूको बाहुल्यता रहेको यस कीर्तिपुर नगरपालिकामा प्रायः सबै जसो नेपाल भाषा अर्थात् नेवारी बोल्दछन् भने पाश्चात्य समाजको प्रभावले गर्दा केही नेवारहरूले नेवारी भाषा बोल्न छाडेका हुनाले यो भाषा लोप हुने अवस्थामा रहेको देखिन्छ । नेवारहरूले विभिन्न प्रकारका सामाजिक, सांस्कृतिक रितिरिवाजहरूलाई परम्परागत रूपमा मान्दै आइरहेका छन् ।

नेवारहरूको जन्मदेखि मृत्यु पर्यान्त सम्म गर्ने विविध संस्कारहरू मध्ये ‘इहि’ पनि एउटा महत्वपूर्ण संस्कार हो । यो संस्कार खास गरिकन छोरी जन्मेको ५ देखि ९ वर्ष भित्रमा गरिने कार्य हो । अर्थात् छोरीहरूको मासिक धर्म सुरु हुनु अगाडि नै गरिसक्नु पर्ने एक महत्वपूर्ण संस्कार हो । ‘इहि’ संस्कार कीर्तिपुर नगरपालिकाका नेवारहरूले गर्ने ‘इहि’ (बेलविवाह) गर्ने प्रचलन तथा यसको प्रतीकात्मक अर्थ तथा बौद्ध धर्म र हिन्दू धर्ममा देखिएका भिन्नताका बारेमा अध्ययन गरिएको छ ।

### १.१.१ नेवारहरूको उत्पत्ति र विकास

नेवारहरूको उत्पत्तिको सन्दर्भ अझै पनि विवादास्पद नै रहेको देखिन्छ । साथै अहिलेका नेवारहरूमा पूर्वजहरू को थिए भन्न पनि धेरै नै गाह्रो देखिन्छ । यी बासिन्दाहरूलाई नेवार भनिनाको कारणका बारेमा विभिन्न मतहरू रहेका देखिन्छन् । केहीले नेपालका बासिन्दा भएकाले नेवार भनिएको हुन् सक्ने तर्क गर्दछन् । इतिहासकार र संस्कृति भाषाका स्रष्टा बाबुराम आचार्यले नेवार भन्ने अवधारण नेपारबाट उद्भव भएको हुनसक्ने उल्लेख गरेका छन् । केहीले नेवारहरू चीनबाट आएका भनेर मञ्जुश्रीसँग जोडेर हेर्दछन् तर स्वयम् मन्जुश्रीको आगमन नै विवादास्पद रहेको छ ।

नेवारहरू प्राचीन जाति भए तापनि यिनीहरूको उत्पत्ति र विकास कहाँ कसरी भयो भन्ने बारेमा हालसम्म यकिन भैसकेको छैन । नेवारहरूको उत्पत्तिको बारेमा स्वदेशी तथा विदेशी विद्वान्हरूको विभिन्न किसिमको भनाइ रहेको पाइन्छ ।

हेमिल्टन (ई. १९७१) ले नेवार शब्द नेपालमा विकसित भएको हो । नेवारहरू नेपालका आदिवासी हुन् भनेर उल्लेख गरेका छन् । उनको भनाई अनुसार प्राग ऐतिहासिक कालदेखि नै नेवारहरूको एक समूह नेपाल उपत्यकामा बसोबास गरेको थियो । उहाँको भनाइसँग डोरबहादुर विष्ट पनि सहमत छन् । उनको भनाई अनुसार नेवार शब्द उनीहरूले बसोबास गर्ने ठाउँ अर्थात् देश नेपालबाट लिएको होभन्ने कुरा जोड दिन्छन् (विष्ट, १९९०) ।

प्रो. टर्नरले आफ्ना पुस्तक “नेपाली अंग्रेजी डिक्सनरी” मा नेवार शब्द नेपालबाट विकसित भएको हो भन्ने उल्लेख गरेका छन् । त्यसै गरी डा. रेग्मीले पनि नेवार नेपालको आदिवासी हो । यिनीहरू नेपालमा छैठौं शताब्दी भन्दा पहिलादेखि नै बसोबास गरेको हुनुपर्दछ । अथात् नेवारको सम्बन्ध किराँत र लिच्छवीहरूसँग भएको कुरालाई जोड दिन्छन् । यिनीहरू आर्यको सम्पर्कमा आउनु भन्दा पहिले यस जातिभित्र अस्ट्रलाइड, मंगोलियन र द्राविडियन आदि मिसिएका छन् भन्ने कुरा विचार गर्न सकिन्छ (रेग्मी, १९९६) ।

इतिहासकार बाबुराम आचार्यका अनुसार ‘नेवार’ ‘नेपार’ शब्दबाट लिएको हो । नेपार शब्द विकृत भई नेपाल हुन गएको हो (शर्मा, २०४९) । त्यसैगरी गोपालसिंह नेपालीले नेवारलाई दक्षिण भारतको ‘माल्बर’ हिल भन्ने ठाउँमा ‘नायर’ जातिको बसोबास रहेको छ जसको संस्कृति तथा रीतिरिवाज नेवारी संस्कृति तथा रीतिरिवाज बीच केही

समानता हुनुका साथै नेपालको प्यागोडा शैलीको सामञ्जस्य दक्षिण छिमेकी राज्यमा पर्ने माल्वर प्रदेशमा देखिएको केही जैन मन्दिरहरूसित भएको आदि तथ्यका आधारमा नेवारलाई माल्वर हिलबाट आएको कुरामा जोड दिन्छन् (नेपाली, १९६५) ।

यी माथिका विभिन्न विद्वान्हरूको भनाईलाई राम्ररी अध्ययन गर्दा नेपालका आदिवासी नै नेवार हुन् । उनीहरूको बसोबास स्थल काठमाडौँ नै हो ।

### १.१.२ नेवार समाजभित्रको जातजातिको वितरण

वंशावली अनुसार प्राचीन समयमा नेवार जातिभित्र कुनै किसिमको जातीय विभाजन थिएन तर १४ औँ शताब्दीमा जब जयस्थिति मल्लले भारतबाट ५ जना ब्राह्मणहरूलाई भिकाई पेशा र वंशका आधारमा नेवारी समाजभित्र पनि जातीय विभाजन गरियो । (नेपाली, १९६५)

नेवार समाजलाई मुख्य रूपमा धर्मको आधारमा हिन्दू र बौद्धमार्गी गरी दुई समुदायमा विभाजन गर्न सकिन्छ । नेवार समुदाय भित्र माथिल्लो तह ब्राह्मणदेखि तल्लो तहको अछुत जात समेत पाइन्छ ।

नेवार समाजको हिन्दूमार्गी अन्तर्गत प्रथम श्रेणीमा देवो ब्राह्मण (पूजारी वर्ग), दोस्रोमा श्रेष्ठ पर्दछन् । श्रेष्ठलाई पनि ६ थरी श्रेष्ठ र ५ थरी श्रेष्ठ गरी दुई वर्गमा विभाजन गरिएको छ । ५ थरी श्रेष्ठअन्तर्गत, प्रधान, कर्माचार्य, जोशी, अमात्य, कायस्थ आदि पर्दछन् ।

बौद्धमार्गी अन्तर्गत बज्राचार्य (गुभाजू), पुरोहित वर्गमा पर्दछ । बरे र उदास व्यापारी वर्गमा पर्दछन् । तेस्रो समुहमा कृषि क्षेत्रमा काम गर्ने ज्यापूहरू पर्दछन् । महर्जन, डंगोल, सुवाल, कुमाई सिंह, अवाले, हले र पिहि वा पंही आदि । यी जातिहरू दुवै धर्म मान्दछन् । त्यसैगरी अर्को समुदायमा मानन्धर (चेपाइँ) मालाकार (बुशा कौ) आदि ज्यापू भन्दा तल्लो वर्गमा पर्दछन् । त्यस्तै पानी नचल्ने अन्तर्गत बलामी, कसाई भा, कुसुले आदि पर्दछन् । अन्तमा छुन नहुने जात अन्तर्गत पोडे कुलु, च्यामे आदि पर्दछन् ।

गोपालसिंह नेपालीले नेवार जातिलाई सामाजिक मान्यताका आधारमा ६ भागमा विभाजन गरी हिन्दू तथा बौद्ध मार्गी नेवारलाई निम्न अनुसार चार्ट अनुसार विभाजन गरेका छन् ।

नेवार जातिको जातिगत विभाजन यसप्रकार चार्टमा देखाउन सकिन्छ :

हिन्दू नेवार

↓

१. पुरोहित वर्ग- देवब्राह्मण

↓

२. उच्च जातिहरू ६ थरी श्रेष्ठ, ५ थरी श्रेष्ठ

↓

४. तल्लो जातिहरू गढ- नाउ खुस

↓

५ अशुद्ध जातिहरू दुईया-बलामी सँग वा संगत

↓

भा

↓

कसाई

↓

कुसुल वा जोगी

↓

६ अछुत जातिहरू- पोडे - च्यामे - कुलु

↓

अछुत जातिहरू - पोडे- च्यामे- कुलु

बौद्ध नेवार

↓

१. गुभाजू बज्राचार्य

↓

२. वर्ण अथवा बरे

↓

उदास

↓

३ हेल अथवा ग्वाला

(स्रोत : डा. गोपाल सिंह नेपाली, इ.सं. १९६५) "द नेवार्स" पृ. १५० ।

## १.२ समस्याको कथन

काठमाडौँ उपत्यका र यसको वरिपरि बसोबास गर्दै आएका आदिबासीको रूपमा कहलिएका नेवार जातिको आफ्नै छुट्टै विशिष्ट सांस्कृतिक परिचय पाइन्छ । हिन्दूमार्गी र बौद्धमार्गी दुई नेवार समुदायमा देखिएतापनि यिनीहरूले जन्मदेखि मृत्युसम्म गरिँदै आएको संस्कार क्रियाहरू समान नै देखिन्छ । नेवार समुदायमा गर्ने 'इहि'को आफ्नै मौलिक विशिष्टता रहेको देखिन्छ र हालसम्म कीर्तिपुरमा बसोबास गर्ने नेवारहरूको 'इहि' संस्कार सम्बन्धी खासै अरूले त्यति धेरै अनुसन्धान नगरेको र काठमाडौँ नजिक रहेर पनि उपत्यका भित्र र कीर्तिपुरमा गरिने 'इहि' संस्कारको भिन्नताको बारेमा थाहा पाउन मैले कीर्तिपुरका नेवारहरूले मान्ने सस्कार 'इहि'लाई अध्ययन क्षेत्र बनाएको छु ।

यस अध्ययनमा विशेष गरी 'इहि' संस्कार सम्बन्धी अनुसन्धान प्रश्न यस प्रकारको हुनेछ ।

१.२.१. कीर्तिपुरका नेवारहरूले 'इहि' संस्कार कसरी गर्दछन् ?

१.२.२. 'इहि'को धार्मिक तथा सामाजिक मान्यता के छ ?

१.२.३. कीर्तिपुरका नेवारहरूले गर्ने 'इहि' संस्कारको अवस्था कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

उद्देश्य विनाको अध्ययन अपुरो हुन्छ । कीर्तिपुरमा बस्ने नेवारहरूको 'इहि' सम्बन्धी अध्ययनका उद्देश्यहरू यसप्रकार छन् :

१.३.१. कीर्तिपुरका नेवारहरूले मनाउने 'इहि' संस्कारको बारेमा अध्ययन गर्ने ।

१.३.२. 'इहि' संस्कारको धार्मिक, सांस्कृतिक र व्यवहारिक पक्षको अध्ययन गर्ने ।

१.३.३. 'इहि' संस्कारमा आएको परिवर्तनका बारेमा अध्ययन गर्ने ।

## १.४ अध्ययनको औचित्य

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतन्त्रात्मक सार्वभौम सम्पन्न धर्म निरपेक्ष मुलुक हो । विविधता युक्त संस्कृतिले भरिपूर्ण यस नेपाल सांस्कृतिक सम्पदायुक्त देश हो । यहाँ बसोबास गर्ने जाति मध्ये नेवार जातिमा छुट्टै सांस्कृतिक विशिष्टता बोकेको हुनाले नेवार जातिको पहिचान गर्न

लायकको छ । नेवार जातिमा भएको विभिन्न परम्परागत संस्कारहरू प्रचलित छन् त्यो हो 'इहि' अर्थात् बेल विवाह संस्कार । यो संस्कार नेवार जातिहरूले मात्र मनाउने गर्दछ । अन्य जातिले मनाउँदैनन् । यस अध्ययनले कीर्तिपुरका नेवारहरूले मान्ने 'इहि' संस्कारलाई समस्याको रूपमा लिएको हुँदा यस अध्ययनबाट यस अध्ययन क्षेत्रका नेवारहरूको सांस्कृतिक अवस्था बारे थाहा हुन्छ । साथै उनीहरूमा आएको सांस्कृतिक विचलन संस्कार, परम्पराप्रतिको निष्ठा बारेमा वास्तविक जानकारी प्राप्त हुन्छ ।

'इहि' संस्कारको अध्ययन गर्दा अध्ययन क्षेत्रका नेवारहरूले के कस्ता विधि अपनाउँछन् र त्यसको धार्मिक मान्यता र सांस्कृतिक अवधारणा परम्परागत 'इहि' संस्कारसँग कुन पक्षमा समान छ र कुन कुन पक्षमा फरक छ भन्ने बारेमा स्पष्ट हुन्छ ।

### १.५ अध्ययनको संगठनात्मक स्वरूप

यस अध्ययनलाई जम्मा छ अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ । जुन यसप्रकार उल्लेख गर्न सकिन्छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, नेवार जातिको उत्पत्ति र विकास समस्याको कथन, अध्ययनको उद्देश्य, महत्व र संगठनात्मक स्वरूप रहेको छ । अध्याय दुईमा नेवार र 'इहि' संस्कार सम्बन्धी सन्दर्भ साहित्यको अध्ययन गरिएको छ । अध्याय तीनमा अध्ययन क्षेत्रको छनोट, तथ्याङ्कको स्रोत तथा प्रकृति, तथ्याङ्क सङ्कलन विधि, अध्ययनको सीमा, अन्तरवार्ता अनुसूची राखिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय, कीर्तिपुरका नेवारहरूको चिनारी, संस्कारहरूरहेका छन् । अध्याय पाँचमा इहि सम्बन्धी अवधारणा हिन्दू र बौद्ध धर्मालम्बीहरूले गर्ने इहि विधि तथा प्रयोग गरिने पूजा सामग्री र त्यसको अर्थ, नेवारीहरूको आर्थिक र भौतिक जीवन र इहि संस्कारमा आएको परिवर्तन सम्बन्धी अध्ययन गरिएको छ । र अन्त्यमा अध्याय छमा सारांश तथा निष्कर्ष निकालिएको छ ।

# अध्यायः दुई

# सन्दर्भ साहित्यको समीक्षा

## २.१ सन्दर्भ साहित्यको समीक्षा

नेवार जातिको उत्पत्ति र विकासको उद्भग थलो काठमाडौँ उपत्यका नै हो (श्रेष्ठ, २०६२) । पछि विस्तारै व्यापार व्यवसाय र अन्य कारणले गर्दा नेवारहरू काठमाडौँ वरपर लगायत बाहिर तिर लागे । काठमाडौँबाट छरिएर रहे पनि नेवारहरूले आफ्नो भाषा संस्कृति र धर्मलाई निरन्तरता दिएका छन् । नेवारहरूको विविध सांस्कृतिक झलकले गर्दा नै नेवारको पहिचान विशिष्ट रहेको देखिन्छ ।

५ वर्ष देखि ९ वर्ष सम्मका छोरीहरूलाई गरिने संस्कार नै 'इहि' अर्थात् वेल विवाह हो । यो विजोर वर्षमा छोरीको रजस्वला हुनु अगाडि नै गर्ने संस्कार हो । वेल विवाह नहुँदै रजस्वला भयो भने छोरी कर्मविहिन भएर समुदायमा संलग्न हुन पाउँदैन । तर हिजोआज 'इहि' गर्नुभन्दा पहिले नै रजस्वला भइहालेमा समाजमा बहिष्कार गरेको पाइँदैन ।

कसै कसैले वेल विवाह गर्नु एकदिन अगाडि 'इहि'जा खुवाउने भनेर मामाघरमा बेल विवाह गर्ने भान्जीलाई सुकुन्दा बाली पूजा गरेर अण्डा (खे) सगुन दिई पयनाजा (भात खुवाउने) चलन छ (बज्राचार्य, २०६५) ।

तर कीर्तिपुरमा यस्तो चलन विवाह गर्ने बेलामा मात्र गरिन्छ । 'इहि' गर्ने बेलामा गर्दैन ।

श्रेष्ठ (२०२८) भन्नुहुन्छ कि नेवारी समाजमा 'इहि'लाई महत्वपूर्ण संस्कार मानिन्छ । कतिपय नेवारहरूले विवाहलाई 'इहि' अथवा 'इहि'पा भन्न छाडिसकेका छन् । प्राचीन पुस्तकमा 'इहि' शब्दलाई विवाहको अर्थ लगाएका छन् । यो भनाई धेरै हदसम्म सही छ किनकी नेवार जाति अन्य जातिहरूको सम्पर्कमा रही व्यापार व्यवसाय गर्ने हुनाले उनीहरूको सांस्कृतिक प्रभाव परी नेवारहरूले आफ्ना संस्कारहरू भुलेको पनि पाइन्छ ।

नेपाली (१९६५) ले नेवार जातिले गर्ने विभिन्न संस्कारका बारेमा उल्लेख गरेका छन् ।र उनले नेवार छोरीलाई गरिने 'इहि' संस्कारलाई विवाह र सम्बन्ध विच्छेदसँग तुलना

गरेका छन् । सामान्य रूपमा विवाहित श्रीमान् धार्मिक रूपमा नारायण भगवान् सरह नै हुन्छन् भन्ने मान्यता रहेको छ । ‘इहि’ गरेका छोरीहरू कहिल्यै विधवा नहुने र फेरि विवाह गर्न मिल्छ । तर ‘इहि’ गरेको कन्याको श्रीमान्को मृत्यु भएमा फेरि विवाह गर्न हुन्छ भनिए तापनि श्रीमान् मरेका नेवार महिलाहरू श्रीमान्कै घरमा बसेर जीवन यापन गरेको पाइन्छ । नेवार समाजमा कन्याको जीवनमा ‘इहि’ले महत्वपूर्ण स्थान ओगटेको छ । ‘इहि’अर्थात बेल विवाह प्रथा नेवार जातिको एक सुगठित परिष्कृत संस्कार हो । बेल एक प्रकारको उष्ण प्रदेशीय रसपूर्ण फल हो । बेल हेर्दामा कन्दमुल जस्तै हुन्छ भने रंगमा पहेलो, हरियो र बोक्रा साह्रो हुन्छ । त्यसैले त्यस भित्रको रस चुहिले र कुहिले खालको हुँदैन । बेलको रस शीतल हुन्छ । त्यसैले वेलविवाह प्रथा नारी संस्कारपरक छ । यो विवाह धार्मिक परिवेशमा थालिएको सामाजिक जीवन चक्रको एउटा क्रम हो । बेल विवाह हिन्दू तथा बौद्ध दुवै धमालम्बीहरूले मनाउँदछन् । वेल विवाह सवुर्ण कुमारलाई भगवानको प्रतीकका रूपमा लिइएको छ । सुवर्ण कुमारसित बालकुमारीलाई विवाह गराउनु बेल विवाह प्रथाको अर्को प्रतिकात्मक हो । प्रतीकात्मकताले शुभ सुन्दर र सुशीलताको आव्हान गर्दछ । धातु मध्येमा परिष्कारयुक्त जैविक तत्वगुणले पूर्ण स्वर्ण धातु भएकाले कुमार स्वयम्लाई पनि स्वर्ण जस्तै परिष्कृतको रूपमा लिइएको छ । विवाह स्थिति र सृष्टि मूलक प्रथाको संस्कार भएकोले परिष्कुत वरको खोजी निमित्त वेल विवाहले प्रेरणा दिने गर्दछ (ग्वंग : २०५२) माथि उल्लेख भएका विभिन्न प्रतीकात्मक अर्थहरू लिइए तापनि वास्तविक ‘इहि’ संस्कारमा बेल र सुन प्रमुख रूपमा प्रयोग गरिएको हुन्छ । यसको प्रतीकात्मक अर्थ भने सुनलाई सुवर्ण कुमार वा विष्णुको अवतार मान्ने र वेललाई शिवजीको प्रतीकको रूपमा मानेर कन्याको विवाह गरिन्छ ।

बज्राचार्य (ने.सं. ११२०) ले नेवारहरूको दशकर्म संस्कारको परिचय र त्यसको विधिको बारेमा उल्लेख गरेका छन् । त्यसमा ‘इहि’ संस्कार पनि एउटा महत्वपूर्ण संस्कार हो र दशकर्म संस्कार मध्येको एक हो ।

बज्राचार्य (ने.सं. ११२५) ले ‘इहि’ को अर्थ समय हो भनेका छन् । समयमै छोरी सुसम्पन कर्मको रूपमा व्यक्त गरेका छन् । बाल विवाहबाट समाजमा पर्ने नकारात्मक प्रभावबाट बचाउनको लागि ‘इहि’लाई सुधारवादी सोचको रूपमा लिइएको छ । जीवनलाई राम्ररी अगाडि बढाउन बोधिचित्तलाई कन्या सुम्पने र कन्या ठूली भईसकेपछी आफूलाई

मनपर्ने जीवनसाथी, आफूलाई मनपर्ने समयमा रोज्न पाउने स्वतन्त्रता पाउने विश्वास गरिन्छ । यसबाट छोरीलाई स्वतन्तता प्रदान गर्ने संस्कारका रूपमा उल्लेख गरेका छन् । यस पुस्तकमा बौद्ध परम्परा अनुसार 'इहि' गर्ने विधिको बारेमा पनि वर्णन गरेका छन् । उनले 'इहि' संस्कारलाई बालविवाह प्रथाको विकृतिबाट बचाउन सुरू गरिएको संस्कारको रूपमा चित्रण गरी यसलाई बौद्ध धर्मसँग पनि जोडेका छन् । बौद्ध धर्ममा भगवान् बुद्धको वचन बहुजन हिताय, बहुजन सुखायको दर्शनबाट बाल विवाहलाई निर्मूल पारी बेल विवाहको चलन चल्तीमा ल्याएको देखिन्छ ।

श्रेष्ठ (ने.स. १०८८) ले भिजीमा 'इहि'लाई विवाह संस्कारका रूपमा व्यक्त गरेका छन् । उनले 'इहि'लाई स्वस्थानी व्रतकथासँग जोडेर उल्लेख गरेका छन् । स्कन्द पुरण अन्तर्गत हिमवत खण्डको कथा अनुरूप वैधव्य जीवनबाट मुक्तिको लागि कुनै समाधान गर्नुपर्‍यो भन्ने पार्वतीको अनुरोधलाई नकार्न नसकि महादेवले सुवर्णकुमार रूपी श्री विष्णु भगवान्सँग केटीहरूको विवाह गराईदिने विधिलाई 'इहि'को रूपमा प्रस्तुत गरिएको छ । 'इहि'लाई महादेवले सिकाएको विधिबाट हिरणय पुरुषसँगको विवादको रूपमा उल्लेख गरेका छन् ।

किंवदन्ती अनुसार पार्वतीको विवाह महादेवसँग भएपछि उनका साथीहरूको विवाह नभएको र पार्वतीलाई पाउन नसक्ने भए भनेर दुःख मानेको देखि तुरून्त विवाह गर्ने र पछि वर पाएपछि राम्ररी विवाह गर्ने कुरा यसमा वर्णन गरेका छन् । लेखकले 'इहि' संस्कारको शास्त्रीय आधार प्रस्तुत गर्दै नेवार जातिमा प्रचलित 'इहि' संस्कारको प्राचीनता र धार्मिक महत्व झल्काउने प्रयास गरेका छन् ।

विष्ट (२०४२) ले विभिन्न जातजातिहरूको बारेमा उल्लेख गरेका छन् । यसै सन्दर्भमा नेवार जातिको छोटो जानकारीमा 'इहि' संस्कार भन्ने पदावलीको प्रयोग मात्र गरेको पाइन्छ ।

जोशी (२०५८) ले रोलम्बा मिलिनियम इस्यु मा वैदिक कालमा हुने चतुर्विवाहलाई नेवार समाजमा हुने विभिन्न छोरी मानिसको संस्कारसँग जोडिएको देखिन्छ । उनले अभिनव सांस्कृतिक कोषमा पनि वैदिक कालमा हुने चर्तुविवाह अन्तर्गत, 'इहि' पनि एक प्रकारको विवाह मानेका छन् । वैदिक कालमा स्त्रीहरूले चार पटक विवाह हुने कुरा विभिन्न

क्रियाहरूमा उल्लेख भए अनुसार सोमनाथ (महादेव) सँग'इहि'पा वा विवाह हुन्छ । महादेव र सेतीदेवीको विवाह हुँदा विष्णुलाई विवाह विधि पूरा गरिसकेपछि विष्णुले सेतीदेवीको हात शिवजीको हातमा पारे जस्तै 'इहि'को विधि सुवर्ण कुमारलाई पूजा गरी बेल महादेव सँग विवाह हुन्छ । उनले 'इहि' संस्कारको प्राचीन सन्दर्भ उल्लेख गर्दै नेवार जातिमा कन्याको चार पटक विवाह हुने प्रसङ्गलाई शास्त्रीय अर्थसँग जोडेका छन् ।

जुजु (ने.सं. ११११९) ले 'इहि'लाई विवाहको रूपमा नभई आफ्नो कूलमा भित्र्याउन गरिने विधि हो भनेका छन् । जसरी छोरालाई कूलमा भित्र्याउन व्रतबन्ध (बुसँखा :) गर्दा कपाल खौरी कपालको केही भाग आँगसाँ वा टुप्पी बाँकी राखी कूलमा भित्र्याएको चिन्ह झैं 'इहि' संस्कारमा गरिने सिन्दूरारोहणलाई पनि यस्तै चिन्हको रूपमा लिएको देखिन्छ । सुवर्ण कुमार (श्री विष्णु र बेललाई (शिव) का संरक्षकत्व ग्रहण गर्न गरिने पूजा विधि अन्तर्गत यस प्रथालाई राखिएको देखिन्छ । 'इहि' संस्कार छोरीलाई जिम्मेवार नागरिक बनाउन गरिने संस्कार पनि हो ।

नेवार समाजमा शिशु कन्याको बेलसँग विवाह गरी ईश्वरलाई ज्वाई मानी चढाएर राख्ने संस्कार रहेको छ । बालक कालमा विवाह गरिदिने परम्परामा सुधारिएको स्वरूपमा छोरी चेली परसरी सकेपछि कन्या मान्न नसकिने हुँदा ठूलो भइसकेकी चेलीलाई कन्यादान भनि दिई पठाउने झुठावादमा पर्न नपरोस् भन्ने पवित्र भावना अनुरूप 'इहि' गर्ने परम्परा बसाइएको कुरा नेवार ब्राम्हण प्रकाशधर शर्मा बताउनुहुन्छ (श्रेष्ठ, २०६२) ।

खत्री (२०६७) ले नेवारी समुदायमा महिलाको सामाजिक तथा आर्थिक अवस्था भन्ने अप्रकाशित शोधपत्रमा पनि नेवारहरूका 'इहि' संस्कारका बारेमा उल्लेख गरेका छन् । नेवारी समाजमा 'इहि' संस्कारलाई विवाहको मान्यता दिएको पाइन्छ । बेललाई कहिले पनि नमर्ने मानिसको रूपमा लिइन्छ । त्यसैले बेलसँग विवाह गरेमा नेवारी महिला कहिल्यै पनि विधवा हुनु नपर्ने मान्यता रही आएको छ । त्यस्तै गरी बेल विवाहमा 'इहि'को धार्मिक तथा सामाजिक महत्व पनि रहेको छ । बेल विवाह वा 'इहि' महिलामा पहिलो मानसिक रूपमा धर्म हुनुपर्ने गरिन्छ । बेल विवाह एक्लै नगरीकन सामूहिक रूपमा गरिन्छ । यसरी गरिने बेल विवाहमा खर्चमा समेत कटौती हुन्छ । 'इहि'को महत्व यस्तो मानिन्छ की 'इहि' भैसकेको छोरीको धार्मिक दृष्टिकोणबाट हेर्दा अर्को विवाह हुन नसकेमा पनि त्यति अनिवार्य मानिदैन । यसरी नेवारी समाजमा बेल विवाह पनि विवाह जस्तै अनिवार्य गर्ने एक संस्कार

हो । यसमा शोधकर्ताले 'इहि' संस्कारका विविध पक्षको चर्चा गर्दै यो संस्कार सम्पन्न गर्न धेरै खर्चिलो हुने हुनाले सामूहिक रूपमा पनि गरिने उल्लेख गरेका छन् ।

नेवारी समाजमा ज्योतिषको साइत अनुसार गरिने बेल विवाहको महत्वपूर्ण स्थान छ । बेल विवाहलाई नेवारी भाषामा 'इहि' भनिन्छ । 'इहि' भनेको समयलाई बुझाउँदछ । रजस्वला नहुँदै गरिने कार्य भएकाले पनि समयमै गर्ने संस्कार नै 'इहि हो । कन्याको उमेर ५-६ वर्षको भएपछि 'इहि' गरिन्छ । बेल विवाहको अर्थ एक प्रकारको विवाह नै हो । यो चलन नेवार जातिमा बाहेक अन्य जातिमा पाइँदैन । नेवारहरूमा पनि कसाई, च्यामे, धोबी आदिजस्तामा यो चलन देखिँदैन । यस बाहेक अन्य जातिमा यो संस्कार गर्ने गरिन्छ । बेल विवाह भएपछि उक्त बेललाई कन्याको पतिको रूपमा राख्नु पर्दछ । केही गरी पतिको मृत्यु भएमा बेलसित विवाह भइसकेकोले उक्त कन्या विधवा हुनु नपर्ने र विवाहको सुपारी फिर्ता गरी पारपाचुके गर्न सकिन्छ छ (राजभण्डारी, २०५०) यसमा शोधकर्ताले बेलसँग विवाह भइसकेको कन्या विधवा हुनु नपर्ने र विवाह पछि पतिको मृत्यु भएमा बेलसँग विवाह भएसकेकोले 'इहि' गरिएको नेवार महिला सम्बन्ध विच्छेद गरी अर्कोसँग विवाह गर्न हुने मान्यता रहेको उल्लेख गरेका छन् ।

मानन्धर (२०५७) ले मानन्धरहरूको सामाजिक सांस्कृतिक अवस्थाका बारेमा वर्णन गरेका छन् । यसै सन्दर्भमा मानन्धरहरूले विभिन्न संस्कारमध्ये 'इहि'लाई छोरी कुमारी अवस्थामा गर्नुपर्ने संस्कारको रूपमा वर्णन गरेका छन् ।

उपासिका (२०५४) ले मुनामा 'इहि'लाई जन्मदेखि मृत्युसम्म गरिने विभिन्न कर्मकाण्डहरूमा एउटा मानिएको छ । मचाबु व्यंकी (न्वारान) मचा जंक्व (अन्नपाशन बच्चालाई शुद्ध गर्न गरिएको जस्तै गरी 'इहि' पनि छोरीलाई शुद्ध पार्न गरिएको कर्मकाण्डको रूपमा प्रस्तुत गरिएको छ । 'इहि' नगर्दै रजस्वला भएमा जान नहुने र जात नभएकोसँग कोही पनि विवाह गर्न नमान्ने मान्यता अनुसार हतारहतार ज्याई खोज्नुपर्ने, दुःखबाट बच्नको लागि आमा बुबाले समयमा नै आफ्नै छोरीलाई 'इहि' गरिदिने गरेको कुरा उल्लेख गरिएको छ ।

नेवार समुदायका बालबालिकाहरूको 'इहि' गर्ने संस्कार आर्य सस्कृति अनुरूप प्रचलनमा ल्याएको बुझिन्छ । कारण ८ वर्ष नपुग्दै पार्वतीको विहे शिवजीसित भएको थियो

भन्ने कुरालाई दृष्टिगत गरी ८ वर्षको उमेर भित्रै बेललाई शिवजीको प्रतीक वेलसित विवाह गर्ने प्रचलन रहेको छ ।

वैदिक धर्मशास्त्रमा कन्या रजस्वला नहुँदै कन्याको विवाह गरिदिने प्रचलन अन्य हिन्दू समाजमा पहिलो हुँदै आएको थियो । सातवर्षकी कन्यालाई विवाह गरिदिने प्रचलन वैदिक कालदेखि चल्दै आइरहेको थियो । मल्लकालको इतिहसमा 'इहि' हिन्दू परम्परा अनुसार रजस्वला हुनु अघिका केटीहरू (४-११) वर्ष कन्याको धार्मिक विवाह गराइन्थ्यो । वास्तवमा ऋग्वेद कालदेखि नै 'इहि' विवाहको प्रचलन रहेको देखिन्छ । जस्तो सोमपति-इहि, द्वितीय गन्धर्वपति - बाह्रा (गुफा राख्ने) तृतीय अग्निपति (सूर्य दर्शन गराउने, चौथो मनुस्य पति-विवाह । साथै इहि नै धार्मिक विवाह भएकोले यसलाई संस्कार मानियो । तसर्थ नेवार केटी आफ्ना सामाजिक पतिको मुत्यु भए पछि पनि विधवा भएको मानिन्न । उसले चाहेमा पुनः विवाह गर्न सक्छे । यसले नारीलाई पुरुषसरह समान अधिकार दिएको बुझिन आउँछ । अहिले नेवार समाजमा विधवा विवाह चलि आएको पाइन्छ । साथै वि.सं. १९१० को मुलुकी ऐनको दफाले पनि बाल विवाह गर्न सक्ने भएबाट नेपालमा यो चलि आएको थियो २/३ दशकपछि जुन मुलुकी ऐन आयो त्यसको दफा २ ले बाल विवाह गर्न नपाइने भयो । यसैले नेपालमा वैदिक धर्मशास्त्र अनुसार रजस्वला नहुँदै छोरीको विवाह गर्न नपाइने ऐनले नै बन्देज गरायो । तर खुद विवाह कानुनी दायराभित्र बसेर पनि धार्मिक प्रथा अध्यात्मिक परम्परा अनुसार नेवार समुदायमा बाल विवाह ४-११ वर्ष भित्र कन्याको इहि विवाह धेरै पहिले देखि चल्दै आएको छ । इहिको अर्थ विवाह हो । इहि दश वर्षको उमेरभित्र गरिसक्नुपर्दछ । यसरी इहि विवाह गरेर वैदिक समाजले अपनाएका रजस्वला हुनु पूर्वको कन्यादान उत्तर फलबाट बञ्चित नभई वैदिक धर्मको पालन गरेर पनि केही विवाह गर्न योग्य भएपछि विवाह गर्न सकिने वा मिल्ने आफ्नै संस्कृतिको विकास हो । यसै गरी उनले इहि संस्कार विधिका बारेमा पनि उल्लेख गरेका छन् । (सुवेदी : २०५६) । उनले विवाहको वैदिक सन्दर्भको विस्तृत चर्चा गर्दै नेवार जातिमा प्रचलित 'इहि' संस्कार बाल विवाह प्रथाको विकृतिबाट बच्न यो संस्कार शुरू गरिएको नभई यो वैदिक कालदेखि नै प्रचलित रहेको बताएका छन् ।

त्यस्तै 'इहि' लाई समय अनुसार परिवर्तन गर्नुपर्ने कुरा पनि उल्लेख गरेको देखिन्छ भने ब्राह्मण वर्गमा हुने चार प्रकारका विवाहमा उत्तर विवाह ब्रम्हा विवाह हो । यस्तो नगरिकन अरू प्रकारको विवाह गरेमो ब्राह्मणको जात तल झर्ने कुरा जस्तो नेवारहरूमा

यस्तो समस्या केही नहुने गरी वैदिक विवाहको रूपमा 'इहि' गरिसकेपछि आफूलाई अनुकूल अवस्थामा छोरीको विवाह गर्न सजिलो हुने कुरा उल्लेख गरिएको छ । इहि प्रसङ्गमा सुधारवादी विचार धाराबाट समाजमा नारीको स्थानबारे पनि केही व्याख्या गरेका छन् ।

नेवार समुदायका बालबालिकाहरूको 'इहि' गर्ने संस्कार आर्य संस्कृति अनुरूप प्रचलनमा ल्याएको बुझिन्छ । कारण ८ वर्ष नपुग्दै पार्वतीको विहे शिवजीसित भएको थियो भन्ने कुरालाई दृष्टिगत गरी ८ वर्षको उमेर भित्रै वेललाई शिवजीको प्रतीक वेलसित विवाह गर्ने प्रचलन रहेको छ । कहिले पनि केही नहुने शिवजीको प्रतीक वेलसित विवाह भैसकेपछि बालिका कहिले पनि विधवा हुदैनन् भन्ने जनविश्वास नेवारी समाजमा रहेको पाइन्छ । पूर्ण रूपले वैवाहिक संस्कारको विधि अनुरूप गरिने यस विवाहमा राजोपाध्याय, ब्राहमण, आचाजु (कर्माचार्य) ज्योतिषको आ-आफ्नो भूमिका रहेको छ । होम यज्ञ गरी बेलसित विवाह गरिने कारणबाट नै वास्तविक विवाह गर्दा होम यज्ञ गर्न नपर्ने संस्कारको रूपमा विकास हुन गएको भन्ने मान्यता रहेको पाइन्छ ।

'इहि' गर्दाका समयको पटासी र अन्य गरगहना लगाउन दिई कन्यालाई कुलदेवताको दर्शन एवम् पूजागर्न लगाइन्छ । एउटा बोका वा हाँसको कुलदेवतामा बली दिई सोको मासु राखि कूलदेवताको पूजामा सहभागि हुने सबैलाई बेल विवाह गरेको कन्याको तर्फबाट 'सम्यबजी' खुवाईन्छ । यसरी विधिवत रूपमा कूलदेवता कहाँ पूजा गराएपछि मात्र कन्यालाई कूलपूत्रीको रूपमा मान्यता दिइन्छ । यसरी बेल विवाह भइसकेको कन्याले जुठो वार्ने, सुतकबार्ने जस्ता सामाजिक प्रचलनको पालना गर्नुपर्दछ (श्रेष्ठ, २०६६)

नेवारी समाजमा वेलविवाहलाई निकै महत्वपूर्ण संस्कारको रूपमा लिइन्छ । वेललाई अमर पुरुष अर्थात् भगवान् नारायणको रूपमा सम्झी आफ्नो छोरीको वेलसँग कन्यादान गरिन्छ । बेल विवाह गर्दा राम्रो वेलको छनोट गरिन्छ । यदि वेल नराम्रो अर्थात् विग्रिएको परेमा उसलाई पछि नराम्रो लोग्ने पर्छ भन्ने धारणा पनि नेवारी समाजमा पाइन्छ । वेललाई नै छनोट गर्नुपर्ने कारणहरूमा भने जस्तो वेल शिव पार्वतीलाई मनपर्ने फल भएकोले भगवान् शिवलाई खुसी पार्नको लागि हुन सक्दछ । अर्को कारण वेलको बोक्रा निकै कडा हुने भएकोले यसलाई सजिलै तोड्न सकिँदैन भनेर र अर्कोकारण दक्षिण भारतबाट नेपाल पसेका न्यायदेवले आफ्नो रितिरिवाज सुरक्षित पार्न प्रचलनमा ल्याएका हुन् कि भन्ने अनुमान रहेको पाइन्छ । किनभने दक्षिण भारतका नायर जातिमा पनि ५ वर्षदेखि मासिक धर्म गुरु हुनुपूर्व कन्याहरूको वेल विवाह जस्तै एक प्रकारको विवाह गरिन्छ । अर्थात्

नेपालको 'इहि' संस्कार पनि यसैको पूरानो रीति हो कि भन्ने अनुमान गर्न सकिनेछ (मजुपुरीया : १८८२) यो इहि संस्कार दक्षिण भारतका नायर जातिको संस्कारसँग जोड्नु त्यति उचित हुँदैन किनकी त्यहाँको संस्कार र नेवारको इहि संस्कारमा धेरै फरक छ।

बज्राचार्य (ने.सं. ११२०) ले अप्रकाशित शोधपत्रमा नेवारहरूले गर्ने संस्कार र ती संस्कारहरूले गर्दा प्रयोग हुने शब्दावलीको उल्लेख गरेका छन् । यसमा इहिलाई नेवार समाजभित्र छोरी पाँच वर्ष देखि दश वर्ष भित्रका बेलामा आध्यात्मिक रूपले गरिने इहिपा (विवाह) को रूपमा वर्णन गरेको छ।

'राष्ट्रिय शाक्य समाज नेपाल' बाट प्रकाशित शाक्य ऋतुपौं) मुखपत्र : ने.सं. ११२७) मा बौद्ध समाज अन्तर्गत पर्ने शाक्यहरूले 'इहि' हिन्दू समाजमा सँगै बस्दै जाँदा हिन्दूहरूको प्रभावले गरेका हुन् । काठमाडौँ उपत्यकामा बस्ने शाक्यहरूले 'इहि' नेवारहरूको चलन हो भनी गर्ने गरेको पाइन्छ। इहिलाई नगरी नहुने संस्कारको रूपमा नलिएको देखिन्छ। यसमा इहिमा गरिने विधिमा सानो बालिकालाई लोग्ने भनी सुनको प्रतिमालाई पूजा गराई वेलसँग विवाह गराईदिने गरेको राम्रो नभएको कुरा उल्लेख छ। बौद्ध समाजमा छोराको लागि गरिने चुडाकर्म, बान्धाविषेक र प्रवज्या गरे जस्तै छोरीको लागि पनि जस्तै किसिमको दीक्षित गराइने संस्कार बनाइनुपर्ने कुरा उल्लेख छ। यसप्रकार उक्त लेखमा 'इहि' मा गरिने विविध परिवर्तन गरी समय सुहाउँदो शिक्षा दिने किसिमको प्रक्रिया ल्याइनुपर्ने कुरा उल्लेख गरिएको छ।

त्यसैगरी ऋतुपौं : कै अर्को लेख इहि धागु छु ख : ? (इहि भनेको के हो ?) मा इहिलाई शाक्य समाजले कसरी अपनाइयो र कसरी यसको विषयमा भएका जनधारणालाई मान्दै आएको छ भन्ने विषयमा लेखिएको छ। बौद्ध धर्म संस्कार अन्तर्गत विहारमा लगी छोरालाई 'वरेछ्वीउ' (बौद्ध पुजारी) सामु शीलसद्दाचारको बाटो हिड्ने शपथ दिइन्छ तर छोरीलाई यस किसिमको बौद्ध धर्म अनुसारको कुनै शिक्षा दिइने संस्कार नभएको र हिन्दू समाजमा गरिने इहि नै गर्ने गरेको हुँदा छोरा र छोरीको बीचमा भेदभाव देखाएको जस्तो भएको हुँदा यसलाई 'दशशील दिक्षा' ग्रहण गर्न चलन चलाउनु पर्ने कुरा उल्लेख गरिएको छ।

यसै गरी इहि ऋतुपौं : (मुखपत्रको) को अर्को लेख 'नेवा : गा : या शाक्य जाति हनावैच्वंगु (शाक्य जातिले गर्दै अहाएको नेवार संस्कार) भन्नेलेखमा' 'इहि' काठमाडौँ बस्ने

नेवारहरूले गर्ने गरेको विभिन्न संस्कारहरू मध्ये 'इहि' छोरीलाई गरिने एउटा संस्कार हो भनिएको छ । जसमा वेल नामक फलसँग छोरीको विवाह गराइन्छ । त्यसैले यसलाई वेल विवाह भनिएको हो । कपिलवस्तुमा विवुदभले शाक्यहरूको संहार गर्न सुरू गरेपछि काठमाडौँमा बसेका शाक्यहरूले त्यहिका आदिवासीहरूसँग मिलेर बस्न मैत्रीभाव स्वरूप उनीहरूले गर्ने संस्कार मान्न थालेको हो भन्ने कुरा लेखिएको छ । त्यस्तै गरी यसमा एउटा कथा पनि जोडिएको छ की बौद्ध समाजमा प्राचीनकालमा नारीहरू सती जान नपर्ने र बर्खी पनि बस्न नपर्ने थियो तर अरू जातिका नारीहरूले बलजफ्ती सति जानुपर्ने वा बर्खी बार्नुपर्ने नियम बनाइ दिँदा बौद्ध समाजले छोरीको रजस्वला नहुँदै इहि गरी सति जान नपर्ने र बर्खी वार्न नपर्ने नियमहरू बनाएको उल्लेख गरिएको छ ।

यसैको अर्को लेख : ऋतुपौं : (मुखपत्र) कै अर्को लेख 'नेवा : तयगु इहि संस्कार : छगु विचार' (नेवारहरूको इहि संस्कारको एक विचार) भन्ने लेखमा नेवार समाजमा छोरीको संस्कारको रूपमा रहेको इहि परम्परा शाक्य समाजमा कतिको आवश्यक छ छैन भन्ने कुरामा चर्चा गरिएको छ । साथसाथै इहिको शुरूवात कहिले कसरी भएको हो भन्ने कुराको अनुमान गरिएको देखिन्छ । इहिको उत्पत्ति कसरी भयो भन्ने सन्दर्भमा भारतमा त्यस समयमा बाल विवाहको प्रचलन रहेको र सो को प्रभाव नेपाली समाजमा पर्न जाँदा बाल विवाहको चलन भएको र नेवार समाजले बाल विवाहबाट आउने सक्ने नराम्रो प्रथाबाट बच्न इहिको चलन शुरू गरिएको हो । नेपालमा मुसलमान आक्रमणबाट आफ्नो छोरीलाई बचाउन इहि गरी बेल फल र सुनको प्रतिभा रूपी विष्णु भगवान्सँग विवाह गराएको कुरा उल्लेख गरिएको छ । त्यस्तै ठूली भइसकेपछि विवाह गर्दा यदि विवाह गरेको लोग्ने मऱ्यो भने जीवनभर विधवा भई बस्नु पर्दैन भन्ने कुरा पनि उल्लेख छ । त्यस्तै गरी त्यस बेलाको तत्कालीन समयमा सती प्रथा चलेकोले आफ्नो छोरीलाई बचाउनको लागि पनि 'इहि' संस्कारको प्रचलन भएको हो भन्ने कुरा उल्लेख छ । बौद्ध मार्गीहरूले हिन्दूहरूको प्रभावले 'इहि' संस्कार गरेको र अहिलेको परिस्थितिमा 'इहि' नगरे पनि हुन्छ भन्ने कुरा उल्लेख छ । इहिलाई परिवर्तन गरी बौद्ध धर्म दर्शन अनुरूपको - "ऋषिनी प्रवज्या" (ऋषिनी कर्म) गर्न नयाँ संस्कार शुरू गर्नुपर्ने कुरा उल्लेख छ ।

यसैको अर्को लेख, 'इहि परम्पराया खँ' (इहि परम्परागत हो) भन्ने लेखमा नेवार समाजमा बौद्ध र हिन्दू दुवैले छोरीलाई कुमारी अवस्थामा गरिने संस्कार हो । इहि संस्कार कसरी चल्यो भन्ने कुराको साथै सामाजिक मान्यताका बारेमा पनि उल्लेख गरेको पाइन्छ ।

बौद्ध समाजमा इहि गर्दा गरिने विधिको साथै इहिको लागि आवश्यक सामग्रीहरूको पनि उल्लेख गरिएको छ । इहि राम्ररी गर्न चार दिन लाग्ने र कुन कुन दिन के के गर्ने भन्ने कुरा पनि उल्लेख गरेको पाइन्छ । 'स्वक्व' गु इहि मुनेज्वा स्मारिका (तेस्रो इहि भेला कार्यक्रम २०५४, स्मारिका) मा विभिन्न व्यक्तिहरूले इहिका बारेमा आ-आफ्नो विचारहरू उल्लेख गरेका छन् । यस स्मारिका भित्रको एउटा लेखमा डा. चुन्दा बज्राचार्यले 'इहि' लाई नेवार समाजमा जन्मेदेखि गरिने विभिन्न संस्कारहरूमा छोरीको लागि गरिने संस्कारको रूपमा लेखिएकोछ । यसमा इहिलाई सामाजिक व्यवहार भित्र प्रवेशको लागि गरिने प्रथाको रूपमा लिएको देखिन्छ । यसले हुर्केकी छोरीलाई ठूलो भयो भन्ने भाव पनि जनाउँदछ । ठूली भयो भन्ने भावमा दुलहीलाई जस्तै लुगा लगाई दिनु हो । इहि गरेपछि यदि कन्याको मृत्यु भएमा परिवारको पाको उमेरका सदस्यहरूलाई गर्नुपर्ने दश क्रिया गरिन्छ । यदि इहि नगरेको कन्याको मृत्यु भएमा केवल ४ दिन मात्र बारिन्छ । यसै गरी यस लेखमा नेपालमा सबभन्दा पहिले राज्य गर्ने गोपाल वंशीहरूले गर्ने छोरीलाई गुन्यु चोलो दिने संस्कारसँग पनि तुलना गरेको देखिन्छ । यस लेखमा हिन्दू र बौद्ध मार्गीहरूले गर्ने इहिको विधिको बारेमा पनि उल्लेख गरेको छ ।

यसै स्मारिकाको अर्को लेख परम्परा वा विधि सुधार (परम्परा तथा विधि सुधारमा इहिलाई मानवहितको लागि गरिने विधिको रूपमा लेखिएको छ । जीवन जीउनका लागि लोग्ने स्वास्नी एक भएर अगाडि बढ्नुपर्दछ । यदि पत्नी मऱ्यो भने पतिले तुरून्तै अर्को केटी खोजी विवाह गर्दा यसलाई हाम्रो समाजले मान्यता पनि दिन्छ तर यदि लोग्ने मऱ्यो भने विधवाले अर्को केटासँग विवाह गर्न हाम्रो समाजले अनुमति दिँदैन । यस किसिमको विभेद हटाउनका लागि पनि नेवार समाजमा स्वास्नी मानिसको स्वतन्त्रताको लागि गरिने विधि नै 'इहि' हो । यस्तो भनेको जे पायो त्यही गरी सम्बन्ध राख्ने भनेको नभई केटा वा केटीले स्वतन्त्र रूपमा भेदभाव नगरी जीवन जिउने अधिकार मानिएको छ ।

त्यसैगरी अर्को लेख 'नेवा : लय मौलिक संस्कार इहि बाल विवाह पनेगु छगु क्रान्तिकारी कुत : न ख :' (नेवारको मौलिक संस्कार इहि बाल विवाह गर्ने एउटा क्रान्तिकारी प्रयास हो । जसमा इहि भनेको वेलसँग गरिने विवाह संस्कार हो । जसलाई बाल विवाहबाट बचाउँनको लागि चलाइएको नवीन संस्कृतिको रूपमा लेखिएको छ । इहि गर्ने बालिकालाई कुमारी छँदा इहि गर्नुपर्ने र कुमारी भनेको रजस्वला नभएकी दुई वर्षदेखि

दश वर्षसम्मको बालिकालाई लिइएको छ । यसलाई कुमारी पूजाको रूपमा पूजा गर्ने चलन छ । यसमा इहि गर्न  चारदिन लाग्ने कुरा पनि उल्लेख गरिएको छ ।

अतः विभिन्न लेखहरू र शोधपक्षमा उल्लेखित इहिका बारेमा अध्ययन गर्दा वास्तवमा यो कहिलेदेखि चलन चलेको हो र किन चलेको हो भन्ने भनाइमा खास गरी यो 'इहि' संस्कार जब नेपालमा विशेष गरी नेवारहरूको उत्पत्ति र विकास भयो त्यसै बेला देखि नै उनीहरूको आफ्नो धर्म, संस्कार र रितिरिवाज तथा भाषाको विकास गर्दै गए । मनुस्मृतिमा उल्लेख भए अनुसार आफ्नो छोरीको रजस्वला भएको आमा बाबु र दाजुले देख्न परेमा नरक भोग गर्नुपर्ने र ठूलो पाप लाग्ने भन्ने भनाईले गर्दा त्यस बेला देखि नै बाल विवाहको प्रचलन चल्दै आएको देखिन्छ । तर बाल विवाह गर्दा पराई घरमा ठूलो समस्या भोग्नु पर्ने जस्ता समस्याबाट बच्नका लागि सायद नेवारहरूले 'इहि' संस्कार गर्ने चलन चलाइएको हुन सक्दछ । अर्को कुरा त्यतिबेला सतीप्रथाको प्रचलन थियो । जसले गर्दा पतिको मृत्युपछि जबर जस्ती नै सती जानुपर्ने बाध्यता थियो । यस्तो किसिमको नराम्रो प्रथाबाट बच्नको लागि नेवारहरूले आफ्नो छोरीको 'इहि' गर्ने संस्कारको विकास गरेको हुन सक्दछ ।

त्यस्तैगरी तत्कालीन समयमा भारतमा मुस्लिम आक्रमबाट आफ्ना छोरीको अस्तित्व बचाउनका लागि पनि सानै उमेरमा 'इहि' गर्ने चलन चलेको हुन सक्दछ । यस्ता भिन्न पहिचानले नेवारी समाजलाई एउटै छुट्टै पहिचान गर्न सहयोग पुऱ्याउँछ । हुनसक्छ, त्यस्ता संस्कारका कतिपय नराम्रा विकृति र कु-संस्कारलाई चिर्दै आफ्नो परम्परागत संस्कृति जसले नेवार हो भन्ने अभिव्यक्ति दिन्छ र त्यसले समाजमा सकारात्मक सन्देश दिन्छ भने समायानुकूल ती संस्कारलाई केही परिवर्तन गर्न सकिन्छ तर आफ्नो जातिय संस्कारको पहिचान भने गुमाउनु हुदैन । यस्ता कला संस्कृति, संस्कार देशकै एउटा महत्वपूर्ण सम्पत्ति हो । जसले विश्वमा परिचित भई पयर्टन विकास र प्रवर्द्धनका लागि समेत ठूलो सहयोग पुग्दछ ।

# अध्यायः तीन

# अनुसन्धान विधि

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नका लागि एकै प्रकारको अनुसन्धान विधिले मात्र महत्वपूर्ण तथ्य जानकारी र सूचनाका स्रोतहरू थाहा पाउन सकिँदैन । तसर्थ यस अनुसन्धान विधि भित्र अनुसन्धान ढाँचा, क्षेत्र छनोट, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको वर्गीकरण एवम् सम्पादन, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण, अध्ययनको सीमाजस्ता विषयलाई समावेश गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोट र औचित्य

नेपालमा विभिन्न जाति, भाषा धर्म र संस्कृतिले भूरिपूर्ण देश हो । ती सबै भाषा संस्कृति जातिको विकासका लागि सबैले समान हक, हित, अधिकार राज्यबाट नै संरक्षित हुनुपर्दछ । मैले नेवारहरूको 'इहि' संस्कारको अध्ययनको लागि कीर्तिपुर नगरपालिकालाई अध्ययन क्षेत्र छनोट गर्नुको प्रमुख कारणहरू निम्नानुसार छन् :

३.१.१. कीर्तिपुर नगरपालिकाका नेवारहरूको आफ्नै मौलिक संस्कार, धर्म, परम्परा भाषा र संस्कृति भएकोले,

३.१.२. कीर्तिपुर नगरपालिकाको भौगोलिक, सामाजिक, धार्मिक, सांस्कृतिक र राजनैतिक दृष्टिकोणले र ऐतिहासिक महत्व बोकेको स्थान भएकोले ।

३.१.३. 'इहि' संस्कार नेवार जातिमा मात्र प्रचलित एक विशिष्ट संस्कार भएकोले ।

३.१.४. अध्ययनकर्ता स्वयम् पनि यसै क्षेत्रको बासिन्दा भएकोले आफैले प्रत्यक्ष अवलोकन गरी तथ्याङ्कक सङ्कलन सहज एवम् सत्य तथ्य र विश्वासिलो हुने भएकोले ।

## ३.२ अनुसन्धानको ढाँचा

यो शोधकार्यको लागि विभिन्न उद्देश्य पुरा गर्नको लागि वर्णनात्मक र विश्लेषणत्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा कीर्तिपुर नगरपालिकाको नेवार समुदायको पहिचान र नेवार जातिमा हुने प्रचलित 'इहि' संस्कारको प्रचलन, यसको प्रतीकात्मक महत्व र यो संस्कार सम्पन्न गर्नका लागि आवश्यक सामग्री र

विधिका बारेमा आवश्यक सूचना सङ्कलन गरी वर्णनात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ३.३ नमूना छनोट

कीर्तिपुर नगरपालिकाको 'इहि' संस्कारको बारेमा अध्ययन गर्नका लागि विशेषगरी कीर्तिपुर नगरपालिका वडा नं. १० को प्रतिनिधित्व हुने गरी जम्मा २०० घर धुरी मध्ये ५० जना विभिन्न उमेर समूहका व्यक्तिहरूलाई उद्देश्यमूलक रूपमा भेटघाट गरी सूचना सङ्कलन गरिएको छ । यसमा अन्तर्वार्ता, प्रश्नावली र अवलोकन विधिको प्रयोग गरिएको छ ।

### ३.४ तथ्याङ्कको स्रोत प्रकृति

यो शोधकार्य सम्पन्न गर्नका लागि देहायका स्रोतहरूको प्रयोग गरिएको छ ।

#### क) प्राथमिक स्रोत

यो शोधकार्य सम्पन्न गर्नका लागि कीर्तिपुर नगरपालिका बसोबास गर्ने विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष अवलोकन, प्रश्नावली र अन्तर्वार्ताद्वारा विभिन्न महत्वपूर्ण तथ्यहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट अनुसन्धान कार्य सहज बन्नुका साथै सत्यतथ्य कुराहरू पत्ता लगाउन सहयोग मिलेको छ । यसले शोधकर्ताको व्यक्तिगत क्षमता अभिबृद्धि हुनेछ ।

#### ख) द्वितीय स्रोत

विभिन्न पत्रपत्रिका, शोधपत्र, इमेल, इन्टरनेट, पुस्तक तथा स्मारिका आदिबाट आवश्यक पर्ने सूचना सङ्कलन गर्ने विधि नै द्वितीय स्रोत हो । यस्ता स्रोतबाट आफूले अनुसन्धान गर्न खोजिएको विषयवस्तुलाई थप सहयोग गर्न मद्दत गर्दछ । द्वितीय स्रोतको सहयोगबाट नै शोधकार्य सम्पन्न गर्न सजिलै सक्दछ । मैले यस अध्ययनका लागि तथ्य सङ्कलन गर्दा द्वितीय स्रोतका रूपमा नेवारी संस्कार तथा 'इहि' सम्बन्धी विभिन्न पुस्तकहरू, शोधपत्रहरू र लेखलाई सम्मिलित गरेको छु ।

### ३.५तथ्याङ्क सङ्कलन विधिहरू

यस अध्ययनलाई विश्वसनीय आशातित र भरपर्दो बनाउन अध्ययन क्षेत्रका बासिन्दाहरू कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने नेवार समुदायसँग आत्मियता र मित्रतापूर्ण व्यवहार कायम गरी अनुसन्धानलाई सभ्य ढङ्गले अगाडि बढाइने छ । तसर्थ तथ्याङ्क सङ्कलनका लागि निम्न विधिहरू अपनाइने छ । अध्ययनको उद्देश्य अनुरूप निम्न सामग्रीको प्रयोग गरि सूचना सङ्कलन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूची

यसअन्तर्गत अध्ययन क्षेत्रमा रहेका मानिसहरूसँग अन्तरवार्ताका माध्यमबाट विभिन्न पक्षहरू जस्तै नेवारहरूको रीतिरिवाज, धर्म, संस्कृति संस्कार तथा विशेष गरी ‘इहि’ संस्कारका बारेमा आवश्यक महत्वपूर्ण सूचनाहरू सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको प्रस्तुती एवम् विश्लेषण

यस अनुसन्धानबाट विभिन्न प्राथमिक वा सहायक स्रोतको तथ्याङ्क वा सूचनाहरूलाई यसको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । यसरी गरिएका वर्गीकरण तथ्याङ्कलाई बढी मात्रामा व्याख्यात्मक विधि प्रयोग गरिएको छ । त्यसैगरी परिमाणात्मक प्रकृतिका तथ्यहरू भए त्यसलाई आवश्यकता अनुसार चार्ट वा टेबुल बनाई तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

### ३.७ अध्ययनको सीमाहरू

नेपालका प्राय सबै जिल्लामा नेवारहरू बसोबास गरेका छन् । ती सबै नेवारहरूले गर्ने संस्कारहरूको बारेमा समग्र अध्ययन गर्न निकै गाह्रो हुन्छ । यसैले मैले नेवारहरूका विभिन्न संस्कारमध्ये ‘इहि’ संस्कारलाई छनोट गरेको छु । यसको शीर्षक कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने नेवार समुदायको ‘इहि’ संस्कार एक अध्ययनलाई लिएकी छु । यसरी अध्ययनको सीमा निर्धारण गर्दा शोधकर्तालाई छिटो, सरल र आफूले सोचेको समय र खर्चमा शोधकार्य सम्पन्न गर्ने सहज भएको छ । यसबाट देशका सम्पूर्ण नेवार जातिको सामाजिक, सांस्कृतिक, धार्मिक तथा संस्कारको बारेमा प्रस्ट पार्न नसकेपनि सानो क्षेत्रमा नेवाहरूले गर्ने ‘इहि’ संस्कारका बारेमा भने प्रस्ट थाहा पाउन सकिन्छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ कीर्तिपुरको परिचय

कीर्तिपुर नगरपालिका काठमाडौँ जिल्लाको पश्चिम क्षेत्रमा पर्ने एउटा ऐतिहासिक शहर हो । काठमाडौँको प्रमुख पुरातात्विक स्थल हनुमान क्षेत्रबाट दक्षिण पश्चिम करिब ६ कि.मि. टाढा काठमाडौँ शहरभन्दा उच्च स्थानमा अवस्थित नेवारहरूको बाक्लो मानव बस्ती भएको शहर हो । यो काठमाडौँ जिल्लाको दुईवटा नगरपालिकामध्ये २०५२ सालमा तत्कालीन लायकु गा.वि.स., पालिफल गा.वि.स., चिठू विहार गा.वि.स., बाहिरी गाउँ गा.वि.स., विष्णुदेवी गा.वि.स., बालकुमारी गा.वि.स., चम्पादेवी गा.वि.स. र भूतखेल गा.वि.स. यी आठवटा गा.वि.स.हरू गाभिएर बनाइएको नगरपालिका हो । यसरी आठवटा गा.वि.स. मिलाएर स्थापना गरेको २०५४ सालमा नगरपालिकाअन्तर्गत १९ वटा वडाहरू रहेका थिए भने वि.सं. २०७४ सालमा आएर १९ वडाहरूलाई घटाएर १० वटा वडाहरू रहेका छन् । यसको क्षेत्रफल करिब १४.७६ वर्ग कि.मि. रहेको छ । समुद्र सतहबाट १४१८ मिटर अग्लो रहेको छ । कीर्तिपुरबाट काठमाडौँसम्म पुग्न लोकल बसबाट ४०-४५ मिनेट लाग्छ । रूट नं.२१ को लोकल बस प्रयोग गरिएको पाइन्छ ।

कीर्तिपुर नगर प्राचीन कालदेखि हिन्दु धर्म तथा बौद्ध धर्म र संस्कृति एवम् पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण रही आएको छ । यसको पुरानो नाम पद्मकुटगिरी, पद्मकाष्ठगिरी, गुदे आदि नामले ख्याति पाएको कीर्तिपुर डाँडाको पूर्वी थुम्कोमा प्राचीन बौद्ध धार्मिक स्थल जगतपाल महाविहार रहेको छ । यसै महाविहारको प्राङ्गणमा रहेको चिलंचो चैत्य, कीर्तिपुर वरिपरि भएका अनगिन्ती चैत्य वास्तवमा सबैभन्दा प्राचीन वास्तुकला हो । कीर्तिपुर नगरलाई एउटा ढुङ्गाको तरूलको रूपमा रहेको हुनाले २०७२ सालमा आई परेको महा भुकम्पले कीर्तिपुरमा रहेको मठ मन्दिर, चैत्यहरूमा त्यति क्षति पुऱ्याउन सकेन । नेपालको इतिहासमा प्राचीन, सामाजिक, धार्मिक, पुरातात्विक, राजनीतिक महत्व रहेको बस्ती भएकोले पुरातात्विक दृष्टिले पनि निकै महत्वपूर्ण मानिन्छ । हाल यो काठमाडौँ जिल्ला कीर्तिपुर नगर वडा नं.१० मा अवस्थित छ । चिलंचो विहारको दक्षिणमा उत्तरभिमुख जगतपाल महाविहार रहेको छ भने ५० स्क्वायर वर्ग मिटरको खुल्ला ठाउँमा

ठूलो अशोकालीन चैत्य अवस्थित छ । उक्त चैत्यको बायुब्य, इशान, नैऋत्य र आग्नेय कोणमा चार साना चैत्यहरू रहेका छन् । जुन पाटनको पिम्बहालको मोडलमा निर्मित छ । यी चैत्यहरूको साथै पछि दाताहरूले स्थापना गरेको पूर्वतिर धर्मधातु, मण्डल, सानो एक चैत्य चार कुनामा लोकेश्वर, बसुन्धारा, चैत्य र स्वयम्भूको मण्डल रहेको छ भने दक्षिणतिर अस्थि, समाधिष्ठ गर्नको लागि अर्को चैत्य निर्माण गरेको छ ।

त्यस्तै कीर्तिपुरकै उच्च ठाउँ वा डाँडाको रूपमा अवस्थित उमामहेश्वरको मन्दिर रहेको छ । क्वा+च्व=क्वाचः यसको शाब्दिक अर्थ माथिल्लो ठाउँ भन्ने बुझिन्छ ।  स्थानीय बासिन्दाहरूको भनाईअनुसार उक्त स्थानमा क्वाचःछे (दसैं घर) उमामहेश्वरको पछाडि रहेको छ । हरेक वर्ष दसैंमा जमरा राखी दसैंको पूजाआजा पनि यसै घरमा गरिन्छ । यसरी क्वाचः भन्दाभन्दै क्वाच्वः हुन गएको भन्ने भनाई छ ।

कीर्तिपुर नगरपालिकामा बसोवास गर्ने नेवारहरूको इष्ट देवताको रूपमा श्री बाघभैरवलाई लिन सकिन्छ । बाघभैरवभित्र परिसरमा वैष्णवी, ब्रम्हायणी, कौमारी, बाराह्री र माहेश्वरी मूर्ति इशाको तेस्रो सदियाको रहेको स्थानीय मानिसहरूको यसलाई फैचा धः को रूपमा परिचित हुँदै आइरहेको छ । यसरी यहाँ प्राचीनकालको राजा शिवदेवले शासन गरेको प्रमाण प्रशस्त भेटिएको छ (प्रधान, २०३२) । यसलाई नेवारीमा धुम्बा आजु द्यः भनिन्छ ।

यसका साथैकीर्तिपुर नगरपालिकाको पश्चिमपट्टि द्योः ध्वाखा टोलको नामकरणको अर्थ उक्त टोलमा कीर्तिपुरको पीठको शक्तिशाली देवीको रूपमा चिनिने इन्द्रायणी माइएको ढोका भएकोले द्योः ध्वाखाः रहन गएको भन्ने चलन छ । द्योः को अर्थ देवी ध्वाखाको अर्थ ढोका हो । यो कीर्तिपुरको गढ पर्खालभित्र आवतजावत गर्ने पश्चिम ढोका हो ।

यी विविध मुख्य मुख्य मठमन्दिरका कारण कीर्तिपुर सहर रमणीय र पर्यटकीय हिसाबले पनि मनमोहक रहेको छ ।

राजनीतिक ऐतिहासिकता हेर्ने हो भने गोरखामा राजा पृथ्वीनारायण शाहले उपत्यकाको आक्रमणको युद्धमा वि.सं.१८१४ जेठ १० शनिबार बिहान पहिलो युद्धको क्रममा उनको बहादुर कहलिएका कालु पाण्डेलाई मारेको थियो । पृथ्वीनारायण शाहले निकै नोक्सानीका साथ पराजय भोग्नु पर्‍यो (बज्राचार्य, २०२५) । त्यस्तै दोस्रो युद्ध वि.सं.१८२१ असोज ४ गते आइतबार पनि उनका भाइ सुरप्रताप शाहको आँखा फुटाइयो भने बल्ल

तेस्रो युद्ध वि.सं.१८२२ चैत्र ३ गते बुधबार राती १२ बजे कीर्तिपुर आफ्नै कब्जामा लिई यहाँका मानिसहरूको नाक काटियो भन्ने कुरा इतिहासविद्हरू बताउँछन् ।

कीर्तिपुर नगरपालिकामा रहेको देशको सबैभन्दा पुरानो विश्वविद्यालयको रूपमा रहेको त्रिभुवन विश्वविद्यालयले यहाँका धेरै जसो नेवारहरूले पनि डिग्री हासिल गर्ने मौका पाएको छ । ८० प्रतिशत साक्षरता रहेको यस कीर्तिपुर नगरपालिका शिक्षण संस्थाहरू निम्नानुसार रहेको छ ।

| **शिक्षण संस्था** | **निजी** | **सरकारी** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|
| क्याम्पस | २ | ० | २ | ०३.९ |
| उच्च मा.वि. | ३ | ३ | ६ | ११.७६ |
| माध्यमिक विद्यालय | १८ | १० | २८ | ५४.९० |
| प्राथमिक विद्यालय | ४ | ६ | १० | ७९.६० |
| पहिला विद्यालय | १ | ० | १ | ०१.९६ |
| शिशु स्याहार | ० | ४ | ४ | ०७.८४ |

यहाँका बासिन्दाहरू विशेष गरी युवाहरूका लागि मनोरञ्जन र खेलुकुद मैदान यस प्रकारका छन् ।पार्क सङ्ख्या ४ रहेको छ । अन्तर्राष्ट्रिय क्रिकेट मैदान १देखिन्छ । फुटबल कोर्ट २ पाइन्छ । बास्केटबल कोर्ट २ साथै भलिबल कोर्ट ४ रहेको छ ।

यसले गर्दा युवाहरूको मनोबल उच्च भएको देखिन्छ । यस्तै गरी स्वास्थ्य उपचारका लागि पनि विभिन्न स्वास्थ्य चौकीदेखि अस्पतालसम्म पनि यहाँ भएकोले बासिन्दाहरूलाई स्वास्थ्य उपचार गर्न केही हदसम्म सजिलो भएको देखिन्छ । कीर्तिपुरमा अस्पताल १, २ रहेको छ साथै स्वास्थ्य केन्द्र ३ देखिन्छ । उप-स्वास्थ्य चौकी ८ र क्लिनिक ५ देखिन्छ ।

तालिम प्राप्त महिला स्वयम् सेविका १३५ जना कार्यरत छन् । यी विविध कुराहरूले गर्दा कीर्तिपुर सहर एक ऐतिहासिक महत्व बोकेको प्रष्ट हुन्छ ।

### ४.१.१ नगरपालिकाको जनसाङ्ख्यिक स्थिति

कीर्तिपुर नगरपालिकाको जनसाङ्ख्यिक स्थितिलाई निम्नानुसारको तालिकामा देखाइएको छ ।

**तालिका नं. १**

**नगरपालिकाको जनसाङ्ख्यिक स्थिति**

| जातजाति | घर सङ्ख्या | पुरुष | महिला | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|
| नेवार | ६६४९ | १४१९९ | १५९९२ | २८१९१ |
| तामाङ | १४३ | ३०५ | ३०१ | ६०६ |
| गुरुङ | १३ | २७ | २८ | ५५ |
| मगर | ११ | २३७ | २३४ | ४७१ |
| क्षेत्री | २०३४ | ४३४३ | ४२४२ | ८६२५ |
| यादव | १ | २ | २ | ४ |
| थारू | २ | ४ | ४ | ८ |
| दर्जी | २४ | ५१ | ५० | १०१ |
| ब्राह्मण | ११ | १९४५ | १९२४ | ३८६९ |
| विश्वकर्मा | ३९ | ८३ | ८३ | १६६ |
| अन्य | २०७ | ४४२ | ४३५ | ८७७ |
| जम्मा | १०१४० | २१६५१ | २१३४७ | ४२९९८ |

स्रोत : राष्ट्रिय जनगणना, २०६८ ।

पुरुष जनसंख्या : २१६५१ (५०.३७%)

महिला जनसंख्या : २१३४७ (४९.७३%)

जम्मा जनसंख्या : ४२९९८ (१००%)

औसत परिवार : ४.२४

कीर्तिपुर नगरपालिका जात/जातिको जनसाङ्ख्यिक स्थिति यस कीर्तिपुर नगरपालिकाको जनसाङ्ख्यिक जनगणना तथ्याङ्क २०६८ अनुसार यस नगरपालिकामा कूल जनसंख्या ४२९९८ जना रहेको छ । जसमध्ये पुरुष जनसंख्या २१,६५१ जना र महिला

जनसंख्या २१३४७ रहेको छ भने औसत परिवार ४२४ रहेको छ । यस तथ्याङ्कअनुसार सबैभन्दा बढी नेवारहरूको जनसंख्या बढी रहेको पाइन्छ ।

कीर्तिपुर नगरपालिकामा बसोवास गर्ने विभिन्न उत्तरदाताहरूसँग प्रत्यक्ष रूपमा भेटघाट गरी अन्तर्वार्ता, प्रश्नावली र अवलोकनबाट प्राप्त सूचनाहरूलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नं.२**

**नेवारको उत्पत्ति सम्बन्धी उत्तरदाताको अवस्था**

| क्र.सं. | उत्पत्ति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | थाहा छ | २० | ४० |
| २. | थाहा भएन | ३० | ७० |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

नेवारहरूको उत्पत्ति र विकास कसरी भयो भन्ने सन्दर्भमा ५० (१००%) जना उत्तरदाताहरू मध्ये २० (४०%) जनाले थाहा छ भन्ने जवाफ दिए भने ३० (७०%) जनाले थाहा भएन भनेर जवाफ दिए । यसैले यस अध्ययनबाट नेवारहरूको उत्पत्तिका बारेमा यकिन साथ तथ्य फेला नपरे पनि केही उत्तरदाताहरूको भनाईअनुसार मल्ल कालदेखि नै नेवारहरूको उत्पत्ति भएको हो भन्ने भनाई रहेको पाइन्छ ।

भाषिक स्थिति : यहाँका नेवारहरूको मातृभाषा नेवारी भए तापनि आजकाल धेरै जसो नेवारको मातृभाषा नबोलीकन नेपाली भाषा बोल्ने गरेको पाइन्छ । पहिलेको बुढापाकाहरूले नेवारी भाषामा सबै कुराकानी गर्ने गर्थे । तर आजभोलि आमाबुबा बाहेकका छोराछोरीहरूले नेवारी भाषा नबोलीकन नेपाली भाषा बोल्ने गरेकोले यो भाषा लोप हुने अवस्थामा पाइन्छ ।

### तालिका नं.३

### नेवारी भाषा सम्बन्धी उत्तरदाताको अवस्था

| क्र.सं. | नेवारी भाषा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बोल्छौ | २० | ४० |
| २. | बोल्दैनौ | १५ | ३० |
| ३. | अलि-अलि बोल्छौ | १५ | ३० |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिका अनुसार ५० (१००%) जना उत्तरदातामध्ये नेवारी भाषा बोल्छौ भन्नेमा २० (४०%) जना बोल्दैनौ भन्नेमा १५ (३०%) जना र अलि अलि बोल्छौ भन्नेमा १५ (३०%) जना पाइयो । यसरी आमाबुबाले नेवारी भाषा बोल्ने गरे तापनि आफ्ना छोराछोरीलाई पूरै नेपाली भाषा सिकाएको पाइयो ।

यसको मुख्य कारण यस अध्ययन क्षेत्रको वरिपरि अन्य भाषिक समुदायको बसोवास रहेको कारणले गर्दा यो भाषाको वक्ता सङ्ख्या कम हुँदै गएको देखिन्छ ।

### चाडपर्व र धर्म संस्कार

यस क्षेत्रमा बसोवास गर्ने नेवार समुदायले विभिन्न प्रकारका चाडपर्वहरू जात्राहरू मनाउँदै आइरहेको पाइन्छ । जस्तै : दसैं, तिहार, म्ह पूजा, इन्द्रायणी जात्रा, बाघ भैरव जात्रा, बुद्ध जयन्ती, गाईजात्रा, श्रीपञ्चमी, माघे सङ्क्रान्ति आदि नेवारहरूका बौद्ध र हिन्दु धर्म दुवै मान्नेले  बताउँछन् । यसै सन्दर्भमा ५० जना उत्तरदातासँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ताबाट प्राप्त सूचनाको अवस्था यस प्रकार छन् ।

**तालिका नं.४**

**धर्म सम्बन्धी उत्तरदाताको अवस्था**

| क्र.सं. | धर्मको मान्ने | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु धर्म मान्ने | १५ | ३० |
| २. | बौद्ध धर्म मान्ने | १२ | २४ |
| ३. | हिन्दू/बौद्ध धर्म मान्ने | १८ | ३६ |
| ४. | क्रिश्चियन धर्म मान्ने | ५ | १० |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार जम्मा ५० (१००%) जना उत्तरदातामध्ये हिन्दु धर्म मान्ने १५ (३०%) जना, बौद्ध धर्म मान्ने १२ (२४ %) जना, हिन्दू र बौद्ध धर्म मान्ने १८ (३६ %) जना र क्रिश्चियन धर्म मान्ने ५ (१०%) जना रहेको पाइयो । यसबाट कीर्तिपुर नगरपालिकामा दुवै हिन्दु र बौद्ध धर्म मान्ने गरेको पाइयो ।

साथै यहाँ बसोवास गर्ने नेवारहरूले जन्मदेखि मृत्युसम्म गरिने विभिन्न संस्कारहरू जस्तै जन्म, न्वारण, पास्नी, व्रतबन्ध, इही, गुफा राख्ने, विवाह, भिमरथारोहरण र मृत्यु संस्कारहरू गर्ने गर्दछन् ।

यी विभिन्न संस्कार गर्दा प्रयोग गरिने पुरोहितको बारेमा सोधिएको प्रश्नको उत्तर यस प्रकार रहेको छ ।

**तालिका नं.५**

**पुरोहित सम्बन्धी उत्तरदाताको अवस्था**

| क्र.सं. | पुरोहित | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गुभाजु | ३५ | ७० |
| २. | ब्राहमण | १५ | ३० |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकामा जम्मा ५० जना उत्तरदाताहरूलाई गोला प्रथाद्धारा उद्देश्य मुलक प्रश्नहरू सोधियो । छनोट गरिएका उत्तरदाता महिला र पुरुष दुवै रहे । उत्तरदाता ५० (१००%) मध्ये नेवार संस्कार गर्दा ३५ (७०%) जनाले गुरुजु मार्फत र १५ (३० %) जनाले ब्राम्हण लगाउने गरियो । यसबाट कीर्तिपुर नगरपालिकामा धेरै जसोले गुरुजु मार्फत् सबै कर्म गर्दै आईरहेको पाइयो ।

यहाँ धेरै जसोले बौद्ध धर्म मान्ने भएकोले धेरै जसोले गुभाजु नै प्रयोग गर्ने चलन रहेको पाइन्छ ।

## ४.२ कीर्तिपुरका नेवारी संस्कारहरू

नेपालका नेवारहरूले गर्ने संस्कारहरू विभिन्न प्रकारका छन् । त्यसमध्ये मुख्य गरी कीर्तिपुरमा बसोवास गर्ने नेवारहरूले मनाउने प्रमुख संस्कारहरू यस प्रकारका छन् ।

### ४.२.१जन्म संस्कार

#### १. दही चिउरा खुवाउने

यस संस्कारअनुसार गर्भमा रहेको शिशुको ८ महिना पुगेपछि माइतको तर्फबाट गर्भवती महिलाको लागि पौष्टिक तत्व, खनिज, फलाम, भिटामिन, प्रोटिन आदिको आवश्यकता रहेको हुनाले दही र चिउरा लगायत अन्य खाने कुरा खुवाउने चलन रहेको

छ । यो चलनलाई नेवारी भाषामा धौ बजि नकेगु वादही चिउरा खुवाउने भनिन्छ । पहिले पहिले शिशु घरमै जन्माउने चलन थियो । तर हाल गर्भवती हुना साथ अस्पतालमा गई डाक्टरको परामर्श लिई अस्पतालमा शिशु जन्माउने चलन बढ्दै गइरहेको अवस्था छ ।

**२. न्वारन**

यसरी बच्चा जन्मेको चार दिन वा छ दिनमा सुडेनी (अजिमा) ले नै बच्चा र आमा दुवैलाई स्याहार सुसार गर्ने गराउने चलन छ । अजिमा भन्नाले एउटा देवीको रूपमा मानिन्छ । घरलाई चोखो गर्नुपर्छ कुनै लापरवाही गर्नु हुँदैन भन्ने धारणा पाइन्छ । चौंथो वा छैटौं दिनमा अजिमाबाट नै बच्चालाई नुहाई दिन्छ । साथै घरकोठा सफा गरी गाईको दूध छर्केर चोखो गरिन्छ र सुत्केरीले  चार वा छ दिनसम्म प्रयोग गरेको सबै फोहोर वस्तुहरू बाहिर ल्याई जलाई दिन्छ । अनि अजिमा देवीको पूजा गरी क्वाटी तरकारी मासु तथा अन्य परिकार बनाएर खुवाईन्छ । साथै मासु, गुन्द्रुक चिउरा, बारा मिसाइएको (आव बजि) परिवार र टोलका मानिसलाई दान दिने चलन रहेको छ । यसबाट आमा र बच्चा दुवैको शरीर स्वस्थ हुन्छ भन्ने विश्वास रहेको पाइन्छ । यसरी चोख्याउने कामलाई नेवारीमा मचा बंयङ्केगु भनिन्छ ।

**३. अन्न प्राशन (पास्नी)**

पास्नीलाई नेवारी भाषामा मचा जङ्को पनि भनिन्छ । आफ्नो कूल परम्पराअनुसार पुत्र भए छ महिनामा र छोरी भए ५ महिनामा अन्न प्राशन कार्य गरिन्छ । बच्चालाई यही बेला प्रथम पटक अन्नको रूपमा भात खुवाउने भएकोले यस संस्कारलाई अन्न प्राशन (पास्नी) भनिएको हो । यस बेला भात भनेर जुनसुकै खालको नभई दुधमा पकाएको गीलो भात (खिर) खुवाउने गरिन्छ । यस दिनमा बच्चाको मामाले गणेशको दर्शन गराई पहिले चोटी मामाबाट चाँदीको चम्चाले अन्न प्राशन कार्य सुरू गरिन्छ । त्यसपछि मामा, फुपु, छोरी, ज्वाइँ तथा घरका अन्य नातेदारहरू बसी सामूहिक भोज खाने प्रचलन छ ।

**४. दुई वर्षे जन्म दिन (निदँ पुनी)**

यस संस्कारअनुसार शिशु जन्मेको दुई वर्षको जन्म दिन मनाइन्छ । उक्त दिनमा शिशुलाई पूजा गरी दुईवटा योमरीको माला लगाइन्छ र देवी देवताको मन्दिरमा लगी दर्शन

गराइन्छ र आफन्तहरूलाई डाकी भोजको आयोजना गरिन्छ । यो संस्कार बज्राचार्य, शाक्य, चित्रकार, कपाली, महर्जन, तण्डुकार, मानन्धर, रञ्जीतकार आदिमा मान्दछन् ।

**५. चुडाकर्म (बुस खाकेगु)**

नेवार समुदायमा छोरो जन्मेको ३ देखि ५ वर्षको उमेरभित्र गरिने कर्मकाण्डलाई चुडाकर्म वा नेवारीमा (बुस खाकेगु) भनिन्छ । उक्त संस्कारमा बालकको पहिलो पटक केश काटिन्छ । यस संस्कारमा मामाले केश काट्ने र बच्चाको निनी (फुपु) ले कपाल थाप्ने कार्यलाई छेवर भनिन्छ । हिन्दुहरूले यो कर्म गर्दा शिखा वा टुप्पी राख्छन् भने बौद्धमार्गीहरूले  भने राख्दैनन् । बौद्धमार्गीहरूले व्रतबन्धको सट्टा बालकलाई बिहारमा लगी चुडाकर्म गर्दछन् जसलाई (वरे छुइगु) भनिन्छ ।

**६. व्रतबन्ध (कयता पूजा)**

व्रतबन्ध नेवारी भाषामा कयता पूजा भनिन्छ । यो व्रतबन्ध ५ वर्षदेखि माथिको उमेरमा गरिन्छ । यो बालक अवस्था पूरा गरी किशोर अवस्थामा प्रवेश गरेपछि गर्ने संस्कार हो । व्रतबन्ध गर्दा खेरी पुरोहित (गुभाजु) बाट कसैले आफ्नो घरमा र कसै कसैले भीमरथारोहण (जङ्क्व) गरेको घरमा गर्दछन् । आजकाल चिलंचो विहारमा श्री पञ्चमीको दिन मा सामूहिक व्रतबन्ध गर्ने चलन छ । कसै कसैले बिहारमा लगेर पनि व्रतबन्ध गर्दै आइरहेको पाइन्छ । व्रतबन्ध गरेपछि मात्र उसको आमा बुबाको मृत्यु भएमा काजकिरिया गर्न सक्नेछ । व्रतबन्ध गर्दा बालकलाई समाजमा भित्र्याउने र अदरसत्कार सिकाउने संस्कार हो र बालकलाई नातेदारहरूले सगुन दिएपछि भोज खाने चलन छ ।

**७. इही/बेल विवाह**

बेल विवाहलाई नेवारी संस्कारमा इही भनिन्छ । इहीको शाब्दिक अर्थ विवाह नै हो । यो नेवारको छोरी जन्मेको ६ वर्षदेखि ९ वर्षभित्र अथवा छोरीको रजस्वला हुनुपूर्व नै गर्नुपर्ने आध्यात्मिक संस्कार हो । हिन्दु धर्मावलम्बीले सुर्वण कुमार (विष्णु नारायण) सँग गर्ने विवाह भने बौद्ध धर्मावलम्बीले श्रवणकुमारसँग गर्ने विवाह भनेका छन् भने कसैले बेलसँग गर्ने विवाह हो भनेका छन् भने कसैले भगवानसँग गरिने विवाह । कसैले छोरीहरूलाई यौन स्वतन्त्रता दिने संस्कारको रूपमामानेका छन् (बज्राचार्य, २०५४:३) ।

नेवारी छोरीको रजस्वला हुनु अगाडि नै गरिने संस्कार हो । छोरी कुमारी अवस्थामै इही संस्कार गरिदिएको खण्डमा आमाबुबालाई ठूलो पून्य प्राप्त हुने धारणा छ । छोरीहरूलाई इही गरेपछि मात्र परिवारको योग्य व्यक्ति हुन्छ । इही नगरेको व्यक्तिको निधन भयो भने आफन्तले ४ दिन मात्र बार्ने गर्दछ भने इही गरेपछि परिवारको सदस्यको रूपमा लिइन्छ ।

जस्तो स्वस्थानी धर्ममा गोमा ७ वर्ष हुँदा शिवशर्मा नाम गरेको ब्राह्मणसँग विवाह गरिदिन्छ । सानो उमेरमा एकदम वृद्धसँग विवाह गर्दा गोमाले भोगेका दुःखहरू उल्लेख गरेका छन् । त्यस्तै कन्या अवस्थामा नै विवाह गरिदिँदा दैव संयोगवश छोरी सानै उमेरमा विधवा भयो भने वा समाजको नियम नीतिमा बाँध्यो भने त्यस छोरीले वैवाहिक सुख भोग्नै नपाइने भयो भनेर विकल्प खोज्नु पर्‍यो भनि धर्म शास्त्रको नियमलाई पनि छोड्न नपर्ने र छोरीहरूलाई पनि व्यवहारिक अन्याय नहुने गरी इही गर्ने परम्पराले आफ्नो कर्तव्य पूरा गरेको पाइन्छ । इही गर्दा छोरीहरूलाई मान्छेसँग नभएर बेल भन्ने एक प्रकारको हरियो बलियो फल (भगवान) सँग विवाह गरिन्छ । त्यसकारण त्यस फल छान्दा ठूलो खालको पर्‍यो भने आफ्नो वर पनि जेठो पर्ने धारणा रहेको छ । त्यसकारण फल छान्दा सानो ठिक्कको राम्रो छान्ने गरिन्छ । कतिले इही सुवर्णकुमार (विष्णु भगवान) सँग हुने कन्यादान भन्छ भने कसैले बेल (शिव भगवान) सँग हुने कन्यादान भनिन्छ । स्वस्थानी ग्रन्थमा सतीदेवीलाई विष्णु भगवानसँग कन्यादान दिने भनेर शिव भगवानको हातमा कन्यादान दिए जस्तै नेवारी छोरीहरूलाई सुवर्णकुमार (विष्णु भगवान) सँग दिने कन्यादान नभएर बेल/शिव भगवानसँग दिने कन्यादानभन्दा फरक नपर्ला । इही गरेको छोरीहरू विधवा हुन नपर्ने उनीहरूले आफ्नो श्रीमानको कुनै कारणवश मृत्यु भएमा फेरि विवाह गर्न हुने कुरा बताएका छन् । नेवारीमा बुढा जङ्ग्व गरेको ठाउँमा लगेर व्रतबन्ध र इही सामूहिक रूपमा गर्ने गरिन्छ भने अर्को कीर्तिपुरको गल्छेमा पनि श्री पञ्चमीको बेलामा साइत हेर्ने नपर्ने गरी सामूहिक रूपमा छोरीहरूको इही गर्ने गर्दछन् भने कहि कतै बुद्ध जयन्तिको बेलामा पनि इहि गरेको पाइन्छ ।

**८. बाह्रा (गुफा राख्ने)**

नेवारहरूको छोरी रजस्वला हुनुपूर्व गरिने संस्कार मध्ये यो पनि एक हो । यो नेवारी छोरीको ९-११ वर्षभित्र गरिने संस्कारलाई गुफा राख्ने वा नेवारीमा बाह्रा तयेगु भनिन्छ ।

यस संस्कारमा छोरीलाई अँध्यारो कोठामा छोरा मान्छे र सूर्यलाई नदेखाई १२ दिनसम्म राखिन्छ । गुफाराख्दा पहिलो ४ दिनसम्म नुन खुवाइँदैन, ४ दिनपछिको चिकं सायक, चामलको पिठो अलिकति तेल र पिठो लिई अनुहारमा दल्ने काम गरेपछि नुन भएको खानेकुरा खान दिइन्छ । कन्याको मामाघरबाट दही चिउरासँग अन्य खाने कुरा ल्याएर खुवाउँछन् । वरपरका नातेदारहरूले १२ दिन सम्मै पालैपालो गुफा बस्ने कन्यालाई खाजा खुवाउन आउँछन् । ज्योतिषको साइतमा १२ औं दिनमा घर मूलीले सूर्यको पूजाआजा गरी बालिकालाई आँगनमा ल्याई पहिलो दर्शन सूर्यको गराइन्छ । यसरी सूर्यको दर्शन गराई सकेपछि सबै मठमन्दिरको पूजा गरी घरको आँगनमा राखी बारा छुयेगु गरी लुगाफाटो पैसा दिईन्छ र आफन्तलाई भोज खुवाईन्छ ।

### ९. विवाह संस्कार

विवाह संस्कार नेवारहरूको महत्वपूर्ण संस्कारहरूमध्ये एक हो । महिला र पुरुष बीच औपचारिक रूपमा जैविक एवम् सामाजिक सम्बन्ध कायम गर्ने कर्म हो । अथवा प्रणय सूत्रमा बाँधिने बन्धन  नै विवाह हो । विवाह पनि जातिअनुसार फरक फरक हुन्छन् । मनु स्मृतिमा  स्त्रीविनाको एक्लो पुरुष जीवनलाई अर्थहीन मानिएको छ । हिन्दु परम्परामा विवाह गर्नुको तीनबाट उद्देश्यहरू बताईन्छ । धार्मिक कार्यलाई सफलीकरण बनाउन, सन्तान प्राप्त र रति क्रियालाई मानिएको छ ।

नेवार समाजभित्र मनु स्मृतिमा उल्लेख गरिएअनुसार आठ प्रकारको विवाह प्रचलित भएको देखिँदैन । समाजमा प्रचलित व्यवहारिक क्रियाकलापलाई दृष्टिगत गर्दा ब्राम्हा विवाह र आर्य विवाह उत्तम प्रथा मानिए पनि यसको प्रचलन अति प्राचीनकालको हुन सक्थ्यो । नेवार समुदायमा परम्परादेखि मागी विवाह चल्दै आएको छ (धौ बञ्जार २०६८) ।

पहिले पहिले मागी विवाह गर्ने चलन बढी थियो भने तर आजकाल प्रेम विवाह र भागी विवाह बढी प्रचलनमा देखिन्छ ।

### १०. भीमरथारोहण (जंकू) (वृद्ध पास्नी)

नेवार संस्कारमा भीमरथारोहण (जंकू) पनि एउटा विशेष संस्कारको रूपमा लिइन्छ । वृद्धहरू धेरै वर्ष बाँचेको उपलक्ष्यमा र देवताको स्थान दिई उनीहरूको दीर्घायु र

सुस्वास्थ्यको कामनाको लागि गरिन्छ । उक्त संस्कार पुरुषहरू७७ वर्ष ७ महिना ७ दिन ७ घडी ७ पला गणना गरी शुभ साइतमा गुभाजु (पुरोहित) बाट पुजापाठ गरिन्छ र उक्त साइतमा पहिलो पटक भीमरथारोहण हुन्छ । लोग्नेको जंकु गर्ने समयमा स्वास्नी जुनसुकै उमेर भए पनि दुवैलाई सँगै राखी गरिन्छ र रथमा घुमाईन्छ । आफन्तहरूको सगुन (स्वकं) अण्डा, दही, माछा, बारा, मीठाई र सेतो कपडा टाउकोमा लगाइन्छ । यसका साथै लुगा कपडा पनि दिइन्छ ।

यसरी ८३ वर्ष पुगेपछि दोस्रो भीमरथारोहण गरिन्छ । यो संस्कारमा १००० पटक धनु दर्शन गरिसकेपछि जंकु वृद्ध वृद्धालाई थाहा नै नदिइकन आयोजना गर्नुपर्दछ । त्यस्तै गरी अन्तिम तथा तेस्रो भीमरथारोहरण ९० वर्षको उमेरमा गरिन्छ । उक्त दिनमा गुभाजुद्वारा शुभ साइतमा विधिपूर्वक पूजा गरी मन्दिरमा रथमा राखेर परिक्रमा गराइन्छ र जंकु गरेका वृद्ध वृद्धालाई घरको ढोकाबाट नभित्र्याई झ्यालबाट घर भित्र्याउने चलन रहेको छ । यस अवसरमा पनि आफन्तहरूले सगुन सहित कपडा दिने चलन छ । त्यस्तैएकसय वर्षको उमेरमा पुनः जन्म भएको भन्ने मान्यता अनुसार उक्त वृद्धवृद्धालाई ठूलो माटोको घ्याम्पोभित्र राखेर पूजाआजा गरी घ्याम्पो फटाएर जंकु भीमरथारोहरण गर्ने चलन छ । यस दिनमा पनि आफन्तहरूले माछा, दही, बारा, अण्डा, कपडा राखेर सगुन दिईन्छ र उक्त भगवान सरह मानिएका वृद्धवृद्धाबाट आशिष थाप्ने काम पनि गरिन्छ ।

### ४.२.२ मृत्यु संस्कार

जन्मपछि मृत्यु अवश्यभावी हो । यो प्राकृतिक नियम हो । मानिसको जन्मपछि विभिन्न अवस्था पार गरी अन्तमा मृत्यु शैयामा जीवन लीलालाई समाप्त गर्दछ । अन्त्येष्टि मानिसको जीवनको अन्तिम संस्कार हो । मानिस आफ्नो जीवन कालमा उन्नति विकास गर्न विभिन्न संस्कारहरू गरिँदै आएको हुन्छ । त्यस्तै गरी अन्तेष्टि संस्कार यस लोकलाई छोडी अर्को लोकमा वा पुनर्जन्ममा राम्रो असल ठाउँमा सुख आरामको कामना गर्दै, दुर्गतिको शोधन गर्न यो जुनिमा बास वा पुर्नजन्ममा उच्चकुल राम्रो असल स्थानको कामना गर्दछ भने हिन्दुमार्गीहरू बैकुण्ठ बासको कामना गर्दछ । नेवार समाजमा अन्येष्टि संस्कार गर्दछ । पार्थिव शरीरलाई विधिवत मसान अर्थात् दिपमा लगी अन्तेष्टि गरिन्छ । पार्थिव शरीरलाई घरबाट बाहिर लैजान आ-आफ्नो जातीय परम्पराअनुसार विधिविधान सम्पन्न गरी घरबाट बाहिर ल्याईन्छ र कोटा बासको आठ खुट्किला राखी बनाइएको खटमा राखी देव पार्थिव

शरीरलाई छोप्ने विशेष रूपमा बनाइएको पहेँलो कपडा फाटाका (छोपी) सी बजा अर्थात् मृत्यु बाजा बजाई, जहान परिवारको नकी/परिवारको थकाली महिलाबाट छवासय पिचा वा यका आफ्नो टोलको चौबाटोमा मृतकले प्रयोग गरेका कपडा बिछौना फाल्ने कार्य गरी छोरीहरूबाट लावा छरी सकेपछि गुरुजु पुरोहितबाट धारणी पाठ गरी मसान वा दीपमा लैजाने गरिन्छ । यसरी पार्थिव शरीर लैजाने क्रममा अगाडि बाजा बजाई ज्वाइँहरूबाट लावा अबीर छरी पछाडि छोराछोरी नातिहरू रूँदै इष्टमित्र तथा आफन्तहरू पछाडि मलामी हुँदै लैजान्छ र घाट (दीप) मा पुगेपछि सबैबाट पार्थिव शरीरलाई अन्तिम पानी खुवाई दागबत्ती दिईन्छ र खरानीलाई खोलामा बगाईन्छ ।

यसरी मृतकको पार्थिव शरीरमा दागबत्ती दिने कार्यमा बाबुको मृत्यु भएमा घरको जेठो छोरा र आमाको मृत्यु भएमा घरको कान्छो छोराले गर्ने गरिन्छ । परिवारमा छोरा नभएका आजभोलि छोरीले पनि दागबत्ती दिई सम्पूर्ण क्रिया कर्म गर्ने परिपाटी चलि आएको देखिन्छ ।

नेवार समाजमा पार्थिव शरीरलाई अन्त्येष्टि अर्थात् दाह संस्कार गर्दा जलाउने चलन छ । तर जोगी (कपाली दर्शनधारी) जातिहरूमा शवलाई मसानघाटमा लगि गाडेर त्यसमाथि परम्पराअनुसार नुन हाली माटोले पुर्ने गरिन्छ । नेवार समाजमा सबै जातिको शवलाई जलाउने चलन भए पनि विशेष स्थितिमा अर्थात् जन्मपछि तीन महिना नबित्दै बच्चाको मृत्यु भएमा अर्थात कर्म नचलेको शिशुको मृत्यु भएमा ढकीमा राखी खाल्डो खनी गाड्ने चलन छ । यसरी शिशुहरू गाड्ने ठाउँलाई मचागा (बाल मसान) भनिन्छ ।

मृत्युपर्यन्त संस्कारमा हिन्दु धर्मावलम्बीहरू बाह्र दिनसम्म जुठो बारी तेह्रौं दिनमा चोख्याउँछन् वा शुद्ध र शान्त गरिन्छ । बौद्ध धर्मावलम्बीहरू (गुभाजु, बज्राचार्य) हरू सातदिनसम्म अशोच बार्ने र आठौं दिनमा चोख्याउने गरिन्छ । यस बीचमा दिवंगत सद्गतिको कामना सहित आ-आफ्नो जातीय परम्पराअनुसार विधि विधानका साथ संस्कार किरिया गरिन्छ ।

यसपछि दिवंगतको सम्झनामा सद्गतिको कामना सहित महिना महिनामा श्राद्ध गरी ४५ दिन, ३ महिना, ६ महिना, १ वर्ष तथा २ वर्षको किरियामा विधि विधानअनुसार

श्राद्ध पूजा, दान धर्म गरिन्छ । यी सबै संस्कारहरू बौद्ध धर्मावलम्बीहरूले बज्राचार्यद्वारा र हिन्दु धर्मावलम्बीहरूले राजोपाध्यायद्वारा गराइन्छ ।

कीर्तिपुर नगरपालिकामा बसोवास गर्ने नेवारहरूको संस्कार सम्बन्धमा प्रत्यक्ष, अन्तर्वार्ता, प्रश्नावली र अवलोकनबाट प्राप्त सूचनाहरूको प्रस्तुतीकरण यस प्रकार गरिएको छ ।

**तालिका नं.६**

**नेवारी संस्कारमा आएको भिन्नताका बारेमा उत्तरदाताको अवस्था**

| क.सं. | उत्तरदाताले दिएको उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | धेरै भिन्नता छ | १५ | ३० |
| २. | खासै छैन | १० | २० |
| ३. | अलि अलि फरक छ | २५ | ५० |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

तालिका नं.६ अनुसार ५० (१००%) जना उत्तरदाताहरूलाई सोधिएको प्रश्नमा धेरै भिन्नता छ भन्ने १५ (३०%), खासै छैन भन्ने १० (२० %) जना र अलि अलि फरक छ भन्ने २५ (५० %) जना रहेको पाइयो । यस शोध क्षेत्रमा बसोवास नेवारहरूको भनाईअनुसार नेवारले गर्ने संस्कारहरू समान भए पनि रीतिथितिमा भने केही फरक पाइयो ।

# अध्याय : पाँच

# इही सम्बन्धी अध्ययन तथा विश्लेषण

## ५.१ इही सम्बन्धी अवधारणा

इही नेवारी संस्कारहरूमध्ये एक मुख्य संस्कार हो । यो संस्कार खास गरी नेवारी कन्यालाई गरिने एक संस्कार हो । यो धार्मिक आस्थासँग सम्बन्धित छ जुन यस प्रकार विस्तृत रूपमा चर्चा गरिएको छ ।

## ५.२ इहीको सामान्य परिचय

इही संस्कारलाई नेपालीमा बेल विवाह भनिन्छ । यो संस्कार नेवारहरूको दस कर्म र दस क्रियाअन्तर्गत पर्दछन् । यो संस्कार नेवार जातिमा गरिने एक विशिष्ट संस्कार हो । यो संस्कार अन्य जातिले गरेको पाइँदैन । यसले नेवारहरूलाई संसारमा अन्य समुदायबाट अलग पहिचान राख्दछ । यो संस्कार कहाँ र कहिलेदेखि सुरू भयो भन्ने कुरा पत्ता लगाउन सकिएको छैन तर विभिन्न विद्वानहरूको भनाई तथा विचारमा मेल खाने भएकाले उक्त लेखहरूबाट तल प्रस्तुत गरिएको छ ।

नेवारहरूको दशकर्म संस्कारको परिचय र त्यसको विधिको बारेमा उल्लेख गरेका छन् । त्यसमा 'इही' संस्कार पनि एउटा महत्वपूर्ण संस्कार हो र दशकर्म संस्कार मध्ये एक हो । इही संस्कार नेवार छोरीहरूको रजस्वला हुनु पूर्व गरिने संस्कार हो । कन्यालाई आफ्नो वर्ण तथा जातिअनुसार सामाजिक अधिकार दिलाउनु यो संस्कार गरिन्छ । नेवार  जातिमा पनि कपाली, कुसुले, च्यामे, पोडे, धोबी आदि जातिमा इही संस्कार गर्ने चलनछैन (बज्रमुनि, ने.सं. ११२०) ।

छोरी मान्छेको जीवनमा चारचोटी विवाह हुने कुरा उल्लेख गरिएको छ । जसलाई चतु विवाह भनिन्छ । जसमा पहिले सोम, चन्द्रमा, त्यसपछि गन्धर्व, त्यसपछि सूर्यसँग र अन्तिममा मानिससँग भन्ने कुरा लेखिएको छ (जोशी, २०५८) ।

नेवार समुदायमा इही कहिलेदेखि प्रारम्भ भएको भन्ने बारेमा यकिन गर्न नसके पनि डि.आर.रेग्मीले इशाको अठारौँ शताब्दीदेखि मात्र चलन चल्तीमा आएको भनेका छन् ।

छोरीको पहिलो रजस्वाला हुनुभन्दा पहिले उसको इही संस्कार गरिन पर्ने अन्यथा आफूलाई पाप लाग्ने शास्त्रीय मान्यता छ । कुनै पनि कन्याको विवाह पूर्व उनका माता र दाजुले रजस्वला भएको हेर्नु परेमा तिनीहरूले नर्कको भोग गर्नुपर्ने स्मृतिमा उल्लेख छ साधु (शाक्य ऋतुपौ ने.सं. ११२७) । त्यसैले गर्दा छोरीको रजस्वला हुनुपूर्व नै इही संस्कारको विकास भएको देखिन्छ ।

इही एक प्रकारको विवाह हो । त्यसमा कन्यालाई विधिपूर्वक पूजा पाठ गरी भगवान विष्णुको प्रतीक सुवर्णकुमार (काँचो सुन) सित विवाह गरी कन्यादान दिईन्छ । त्यसकारण नेवार समुदायमा इहीको बेला बालिकालाई लगाई दिएको सिन्दुर कहिले पनि मेटिँदैन भन्ने मान्यता छ (जुजु ने.सं. १११९) ।

इहीलाई विवाह नै हो भनेर स्कन्द पुराणको आधारमा लेखिएको छ । स्वस्थानी व्रतबन्धसँग पनि जोडिएको पाइन्छ । प्राचीन समयमा सत्यदेवीलाई महादेवले माग्न जाँदा दक्ष प्रजापतिले नदिई उनलाई बाहिर निकाले र महादेवले पनि सतीदेवी प्राप्त गर्न श्री विष्णुसँग अनुरोध गरेकाले पहिले विष्णुले नै आफूलाई भनी मागेको पछि कन्यदान गर्ने बेला विष्णुले छल गरी शिवको हातमा पारिदिएको भन्ने वर्णन छ । इहीमा पनि सुनको प्रतिमा रूपी विष्णुसँग विवाह विधिपूर्व गरी बेला रूपी महादेवसँग सतीदेवीको विवाह भएको मानी इहीलाई बेल विवाह भनिएको देखिन्छ ।

कान्तिपुरका शासक भाष्कर मल्लकी पत्नीलाई ने.सं.(१७११ ई) मा इही गरेको कुरा ऐतिहासिक घटनावलीमा टिपोट गरिएको छ । त्यस्तै गरी ने.सं.८५५ (१७३४ ई) को एउटा अभिलेखमा तत्कालीन एक राजकुमारकिो इही गरेको घटना उल्लेख छ (बज्राचार्य, २०२३) । यो संस्कार तत्कालनि शासकहरूले मात्र नगरी साधारणहरूले पनि गर्ने चलन थियो ।

हिन्दु धर्म तथा मनुस्मृतिबाट प्रभावित जातिहरू ब्राह्मण, क्षेत्री जातिमा बाल विवाहको प्रचलन रहेको थियो । हिन्दु धार्मिक ग्रन्थ स्वस्थानी व्रतबन्धमा गोमा ५ वर्षकी हुँदा पिता शिवशर्माले वरको खोजी गर्दा केही पाउन नसकी अन्तमा एउटा शिवभट्ट नाम गरेको ७० वर्षको वृद्धसँग विवाह गरेको उल्लेख छ । छोरी कन्या अवस्थामा नै कन्यादान गरे स्वर्ग जाने, सूर्य गाई दान गरे सरह पुन्य पाईने, अश्वमेघ होम गरेको फल पाइने तर छोरी रजस्वला भएको आमाबुबाले र दाजुले हेर्नु परेमा पाप लाग्ने धार्मिक विश्वासका

कारण मानिसहरूले सानो अवस्थामै आफ्ना छोरीको विहे गर्नुपर्ने बाध्यता थियो । यसरी बालापनमै विवाह गरी अर्काको घरमा धेरै प्रकारका दु:ख भोग्नु पर्ने समस्याबाट मुक्त गर्नमा लागि नै नेवारहरूले इही संस्कारको विकास गरेको हुन सक्दछ र यही परम्परा अहिलेसम्म सबैले गर्दै आईरहेको पाइन्छ ।

इही संस्कारले नारीलाई सम्मान गरेको देखिन्छ किनभने विवाह भएपछि केही गरी उसको श्रीमान मर्‍यो भने नारी विधवा भई बस्नु नपर्ने भएकोले इही संस्कारले नारीलाई अमर पुरुष वा सुवर्णकुमारसँग विवाह गरी सधैँ सधवा जस्तै गरी बाँच्ने धार्मिक मान्यता रही आएको पाइन्छ । यसले समाजमा महिला प्रतिको नकारात्मक सोचको सट्टा सकारात्मक सोचको विकास गर्न सहयोग पुर्‍याएको पाइन्छ ।

इही संस्कार नेवार समुदायको एकमहत्वपूर्ण तथा विशिष्ट संस्कार हो । यसले संस्कारका अन्य समुदायबाट अलग पहिचान राख्छ । तर यो संस्कारको प्रारम्भ कहिलेदेखि भएको हो भन्ने बारेमा यकिन गर्न नसकिएको कुरा बुद्धिजीवीहरू बताउँछन् । तर यसको प्रचलन प्राचीन कालदेखि नै रहेको कुरा जानकारहरू बताउँदछन् ।

नारीको विवाह रजस्वला हुनुपूर्व नै गरी सक्नुपर्छ । रजस्वला भएपछि पनि कन्यादान गरिएन भने आमाबाबुलाई पाप लागि नर्कमा पुग्ने जस्ता धार्मिक मान्यताका कारण नेवार समुदायका छोरीहरूलाई कन्यादान गरी पठाउने चलन रहेको पाइन्छ । तर कुनै वर वा केटालाई दिई पठाउने नभई अमुक, नाम, थर, घर भएका वरको रूपमा बेललाई राखेर छोरीको कन्यादान दिईन्छ । सामाजिक पक्षबाट हेर्दा यसले बालिकालाई आफ्नो कुलमा भित्राइएको भन्ने अर्थ लाग्दछ । यसरी इही गरिसकेका बालिकाको मृत्यु भएमा दाजुभाईहरू जुठो  बार्ने चलन छ ।

बालिकालाई विहे गरेर गएपछि सजिलोको लागि ढिकी कुट्ने, जातो पिँध्ने, कुचो नालो चलाउन सिकाउने विधि स्वरूप इही संस्कारमा सिकाइन्छ । तर आजभोलि छोरा र छोरीमा कुनै भेदभाव नरहेको अवस्थामा छोरीलाई पुस्तक कलम राखेर पढ्ने सीप दिने बेला रहेकोले ढिकी जातोको क्रमश: घट्दै गएरहेको पाइन्छ ।

## ५.३ बौद्ध परम्पराअनुसार इही गर्ने विधिहरू

बौद्ध धर्मालम्बि नेवार समुदायले इही संस्कार किरिया बज्रयानी बौद्ध धर्म दर्शन परम्पराअनुसार गरिँदै आएको पाइन्छ । चैत्य प्रतिस्था, देव प्रतिस्था, करूणामय न्वहानानी बुढाबुढी जंक्व (भीमरथारोहण) आदिको शुभ सहितमा लागि बालिकाहरूलाई इही संस्कार क्रिया सम्पन्न गर्दछन् । त्यसैगरी कुनै सामूहिक रूपमा कुनै संघ संस्था वा व्यक्तिद्वारा आयोजित सामूहिक इही गर्ने कार्यक्रममा आफ्ना बालिकालाई इही क्रिया गर्ने गरिन्छ । बज्रयानी धर्म परम्पराअनुसार बज्रयानी गुरुजु (बज्राचार्य) द्वारा यो विधि सम्पन्न गर्दछ । यो क्रिया दुई दिन दुस्वल र पूर्वादि मात्र गरिने परम्परा रही आएको छ ।

पहिलो दिन सबैभन्दा पहिला इही गर्ने कुमारी कन्यालाई नुवाईधुवाई गर्ने र घर लितपोत गरी चोखो पार्ने काम हुन्छ । इहीको लागि कन्यालाई दुलही झैँ तासको दुपट्टा, साडी, चोलो, गहना लगाई सिँगारिन्छ । गहनामा टाउकोमा सुनको फूल  (लुस्वा) घाँटीमा सुनको मोटो बट्टा भएको गलबन्दी (टीकको माला) हातमा चुरा, चाँदीको ब्याख अङ्ग (औँठी) लगाई दिन्छ । यस बाहेक पाउजु पनि लगाइन्छ । इही पूजाको लागि सबैभन्दा पहिले कन्यालाईगुरुमाजु (महिला बज्राचार्य) बाट लसकुस भनी स्वागत क्रिया गरी पूजा स्थानमा गुरु मण्डल प्रवेश गराइन्छ र आ-आफ्नो स्थान ग्रहण लगाइन्छ । उक्त स्थानमा गुरु मण्डल लेखिन्छ । त्यसपछि गुरुमण्डलमा कन्यालाई धले दंकेगु भनी पूजा गर्न लगाइन्छ । मत पूजा/दिप पूजा गर्न लगाइन्छ । त्यसपछि अमला र तेलले स्नान गराइन्छ र सिंगारको सामग्री, जौ, चना, चामलको पिठो, तेलद्वारा श्रृङ्गार गरिसकेपछि इही पतासी विशेष प्रकारको कपडा, रातो पहेँलो धर्को भएको दिईन्छ । इही पतासी लगाएपछि गुरुमाजुद्वारा सिन्दुरोहण/सिंचाछाये हुन्छ । त्यसपछि निधारमा अस्तमंगल सहित पूर्ण कलश लेखिएको कागज (मोकी) निधारमा लगाउँछ । त्यसपछि पहेँलो रङ्गको पाँचवटा डोरी मिलाएर बनाएको काचो धागो (रातभेतिका) टाउकोदेखि पैतालासम्म पुग्ने गरी २१ पल्ट नापिन्छ र पहिलो दिनको क्रिया सम्पन्न हुन्छ ।

दोस्रो दिन अर्थात् (पूर्वादी) दिनमा पहिलो दिनमा जस्तै कन्याहरूलाई लसकुस (स्वागत) गराई मण्डल प्रवेश गराइन्छ र गुरुमण्डल पूजा गराइन्छ र दीपपूजा गराई सकेपछि कन्यालाई खुट्टाले मास पुस्न लगाउने, अमला तेलले नुहाउने र अष्ट मंगल चिन्ह

बनाएको माटोको विशेष प्रकारको भाँडो (सुलापा) मा बेल, सखिपः पानको पात, ज्योना लप्ते (विशेष प्रकारको रूखको पात) राखी पूजा गर्न लगाइन्छ ।

यसपछि कन्यालाई नौनिचा लुसी धिइके/नापित महिलाहरूद्वारा नङ काट्न लगाई शुद्ध पारिन्छ । अनि पाउमा विशेष प्रकारको रातो रङ्ग (अलः) लगाईदिन्छ । त्यसपछि कन्याको हातमा स्वस्तिक चिन्ह (नन्दावली) लगाई हातमा ज्योना लप्ते (रूखको पात) वेल फल, माछा, सुपारी (ग्वय्) आदि हातमा सःखि खिप एक किसिमको डोरीले हात बाँधिन्छ र मन्त्र उच्चारण गरिन्छ । त्यसपछि बाबुले समाउन लगाई अग्नि प्रदक्षिणा गरार्य सकेपछि बाबुको काखमा बालिकाको औंला समार्य आमाले जलधारा (गाईको दूध धारा) खसाल्न लगाई कन्या सङ्कल्प गरिन्छ । सङ्कल्प गर्दा यो केटी मैले सङ्कल्प गरे भनी मन्त्रोचारण गर्न लगाइन्छ । त्यसपछि बाँधेको हात खोलिदिन्छ र हातमा भएको डोरी फुलाली दिन्छ र बेल सुपारी पान ज्योना लप्ते सहित सलापामा राखिन्छ र टीका लगाई कन्याहरूलाई बारा हुयो (भिक्षा दिने) गरिन्छ । यसरी यो विधि सम्पन्न हुन्छ । यसरी गरिने बौद्ध परम्परा अनुसार इही क्रियाले के  स्पष्ट हुन्छ भने यो विवाह होइन यो कन्या सङ्कल्प मात्र हो ।

## ५.४ हिन्दु परम्परा अनुसार गर्ने इही संस्कार

इही बेल विवाह गर्ने दिन बिहान आँगन लिपि शुद्ध बनाई गुरुमण्डल बनाउनु पर्छ । इही गर्ने कन्यालाई पूर्वभिमुख गरी बसाउने यसका साथै सुकुन्दा पूजा गराई सकेर थकाली नकी अथवा ब्राह्मणबाट गुरुमण्डलको पूजा सम्पन्न गरिन्छ । थकाली नकीले बालिकालाई निराजन गर्ने पतफताचा तोय र रक्षा गर्ने । कन्यालाई आफ्नो आशनबाट उठाई लोहोरोले ७ दाना कालो मास पिस्न लगाउने, चाँदीको छुरीले खुट्टाको नङ काटेको भावना गर्ने । अमला र तील पानीले नुहाएको भावना गरी बालिकाको जीउमा छर्कने र पुनः शंखपानी छर्कने । त्यसपछि टीका लगाई सगुन दिई इही वस्त्र रातो विवाहको वस्त्र तथा आभुषण (गहना) पहिराई दिनुपर्दछ । यसपछि ओखल कुटाउने, ढिकी कुटाउने, ओढ्ने, ओछ्याउने सहितको खाट दिने, भाँडाकुँडा दिने जाँतो पिस्न लगाउने नाङ्लो, कुचो दिने (गृहस्थ जीवनमा सिक्नु पर्ने सबै पाठ सिकाउने) अनि घरको थकाली नकी वा गुरुमाजुद्वारा टीकाको बट्टा (सिन्ह बट्टा) बाट भुयु सिन्ह (फुस्रो सिन्दुर) देब्रे हातले लिई देवतालाई लगाईदिन्छ र आफूले पनि लगाउँछ । त्यसपछि एकजना मान्छेको सहायताबाट रातो कपडाले बालिकाको आँख ा छोप्न लगाई नकीले वा ब्राहमण कन्या केटीले बालिकाको सिउँदोमा तीनपटक सिन्दुर लगाई

दिन्छ । त्यसपछि रातो कपडा र टीकाको बट्टा बालिकाको हातमा राखिदिन्छ । यो विधिलाई सिन्दुरारोहन भनिन्छ । त्यसपछि खुट्टामा अलः (एक प्रकारको रातो रङ्ग) लगाइन्छ ।

इहीपा,  बेल र पहेँलो कपडा बालिकाको अगाडि राखिन्छ । बेललाई पहिले पानीले र त्यसपछि दूधले पखाली पहेँलो कपडामा पोको पारीकन्याको हातमा दिई दुइटै हातमा धागोले बाँधिन्छ र गुरुजुले पाठ गर्न सकेपछि त्यस हातमा राखेको सामाग्रीलाई कन्याको बुबाले लिई छोरीलाई दक्षिना स्वरूप पैसा दिने गरिन्छ । त्यसपछि बुबाले त्यस सामानलाई इहिपामा राखी बालिकालाई पूजा गर्न लगाई इहिपालाई समाई पूर्व, दक्षिण, पश्चिम र उत्तर दिशातिर देखाउन लगाइन्छ ।

त्यसपछि बालिकालाई बुबाको काखमा (खुट्टा भुईमा नपर्ने गरी राख्दछ) अगाडि तामाको थालीमा बेल (ब्या) एउटा बुकी सुन (बुट्टा नकुडिएको टुक्रा) राखी त्यसलाई तिल कुश लगाइन्छ ।

आमाले पानी र दुधको धारा राख्दै बुढी औंला समाती तेल र काँचो सुनको टुक्रा भएको थालीमा छुवाइन्छ । यो कार्य गर्दा आमा बुबाले ईश्वर साक्षी राखी आज म मेरी छोरी बेललाई कन्यादान गर्दैछु भन्नुपर्दछ । यसपछि बुबाले कन्यालाई काखबाट भुईमा राख्दछन् । यस विधिलाई कन्यादान भनिन्छ । यसपछि कन्याको दुबै हातले बेल समाउन लगाई पुरोहित अथवा ब्राम्हणले सःखि खिपले छोरीको हात बाधिदिन्छ । यसरी हात बाधेर नै मण्डप घुमाईन्छ र फेरि त्यही ठाउँमा बस्न लगाई बाधेको हात खोलिदिन्छ ।

त्यसपछि कन्यालाई चामल दक्षिणा फलफूल हातमा राखी ३/३ पटक बाराछुय (भिक्षा दिने) गरिन्छ र टीका लगाई आगनमा नागको चित्र/पोषाणपूर्ण तथा अविरले कोरी टाउको देखि पुच्छर सम्म सात ठाउँमा सुपारी, पैसा पानको पत्ता ल्वाङ पालैसँग राखी त्यसमाथि बालिकालाई नालो, कुचो, इहिपा समाएर हिडाईन्छ र देबी देबताको दर्शन गराइन्छ ।

त्यसपछि घर फर्केपछि पाथीभरि चामल र पैसा राखी ३ पटक बारा छुई गरेपछि भित्ताउनु पर्दछ । कोठामा लगी इहि कन्यालाई चौरासी व्यञ्जन (थायभु) खुवाउने र अन्य पूजामा झै चिउरा दही आदि थपी बत्ती बालीथकाली नकीले एकजना साथी लिई ठायभु कलवाये गर्न लगाउनु पर्छ । त्यसपछि नाताकुटुम्बलाई सहभोजन गराइन्छ ।

इहि संस्कारमा नेवार समाजमा मामा माइजु, फुपुको महत्वपूर्ण भुमिका रहन्छ । चुडाकर्म संस्कारमा बालकको फुपु र मामाको अनिवार्य भूमिका रहेको हुन्छ । चुडाकर्म संस्कारमा मामाले सुन र चादीको छुराबाट केश खौरेको र सुनचादीको सियोले कान छेडेको भाब गरेपछि बल्ल नाउले उक्त कार्य गर्दछन् । यो चुडाकर्म स्रंस्कारको विशेषता हो । त्यस संस्कारमा खौरेको कपाल भूईमा पर्न नदिन फुपूले कासको थालमा थाप्दछ (धौबञ्जार : २०६८) । त्यसै गरी बिबाहमा पनि मामाको ठूलो भूमिका रहन्छ भने बाह्रा राखेको कन्यालाई माइजुले मीठा मीठा खानेकुरा ल्याएर सगुन दिने चलन छ । त्यस्तै इहि संस्कारमा पनि पहिले घरका सदस्य आमा बुबा दाजु भाईले बाराछुय गर्नुपर्दछ अनि त्यसपछि मामा माईजुले पालैपालो उक्त कार्य गरिन्छ । यसरी नेवारी समाजमा मामा माइजुलाई आमा पछिको दर्जा दिइएको छ भने मामा माइजुले पनि भान्जा भान्जीलाई माया गरी उनीहरूको कर्ममा अनिवार्य संलग्नता रही कार्य गरेमा पुण्य कमाउने धार्मिक मान्यता रही आएको छ । त्यसैले यसको महत्व अलगै बढेको छ ।

### ५.५ पूजा विधि

कीर्तिपुर नगरपालिका वडा नं. १० मा अवस्थित महन्वपूर्ण बौद्ध सम्पदाको रूपमा रहेको महायान बज्रायन परम्परागत बिहारलाई स्थानीय मानिसहरूको चिलेचो अर्थात् जगतपाल महाविहार भन्ने गरिन्छ । यस बिहारको चारैतिर बिहारका संघ सदस्यहरूको बासस्थान रहेकोछ । यहाँ परम्परागत बौद्ध धर्मको  अभ्यास गरिन्छ । यस बिहारको परिसरमा निकै प्राचिन चैत्यहरू र खुल्ला ठाँउ रहेको कारणले गर्दा निकै रमणीय देखिन्छ । पुरातात्विक दृष्टिले निकै महत्वपुर्ण रहेको साथै नेपालको इतिहास बोकेको ठाउँ भएकोले पर्यटकीय गन्तब्य स्थलको रूपमा रहेको छ । यस चिलंचो महाबिहारमा प्रत्येक वर्ष श्रीपञ्चमीको दिनमा सामुहिक इहि र ब्रतबन्धको आयोजना गरिन्छ । यो कार्य यहा बसोबास गरेका बौद्ध गुरुजुहरूबाट गरिदै आइरहेको छ ।

इहि बेल बिबाह संस्कार सामुहिक वा पारिवारिक दुबै प्रकारबाट गर्न सकिन्छ । यो संस्कार गर्न धेरै सामग्रीको आवश्यकता परे पनि स्थानिय स्रोत र साधन आफ्नो गच्छे अनुसार सामग्री जुटाई यो कर्म गरिन्छ । नेवारहरूमा विभिन्न थर अनुसार यो संस्कारमा केही भिन्नता छ । यो कसैले ब्राह्मनद्वारा गराइन्छ भने कसैले गुरुजुबाट पनि गराउने चलन छ । इहि संस्कार कही एक दिनमा गरिन्छ भने कही दुई दिन लगाएर गरिन्छ ।

कीर्तिपुर नगरपालिकामा भने इहि बेल बिबाह संस्कार एक दिनमा गर्ने गरिन्छ । बिहान आफ्ना छोरीहरूलाई नहाईधुवाई गरी नौनिचा (नापित महिला) ले खुट्टाको नङ्ग काटी खुट्टाका औंलाहरूमा (रातो एक प्रकारको रंग) अल लगाईदिन्छ । उक्त नङ्ग काट्दा भूईमा नपारी कन्याको फुपुले कौसको थालमा थापिन्छ र पछि खोलामा लगी बगाईन्छ । नेवारी समाजमा इहि गर्दा फुपुहरूको ठूलो भूमिका रहन्छ । त्यसैले फुपुलाई गच्छे अनुसार कासको थालमा कपडा पैसा राखि दिनुपर्दछ । त्यसपछि फुपुले बालिकालाई दुलही झैं श्रृंगार गरिदिने काम हुन्छ । अनि इहि गर्नको लागि पूजा सामग्री तयार गरी बालिकालाई साथमा लिई इहि गर्ने ठाँउमा लगिन्छ । इहि गर्ने दिन आगन लिपि शुद्ध बनाई गुरु मण्डल बनाईन्छ र कन्यालाई लसकुश (स्वागत) गरी मण्डलमा प्रवेश गराइन्छ । गुरुमण्डल बनाई कन्यालाई पुर्वाभिमुख गरी बसाईन्छ । कुनै पनि शुभ कार्य गर्दा सुकुन्दा गणेश साक्षी राखेर दिप बालिने काम हुन्छ । गुरुमण्डल धलं दकेगु (गुरुमण्डल पूजा गराइन्छ) । त्यसपछि कन्यालाई पञ्चगब्य दिई (शरीर शोधन) गुरु शिब्य ग्रहण गरिन्छ । त्यसपछि अमला तील स्नान गरी क्व : चिक (चामल, तथा अन्य विभिन्न बुटी समा : भनीमुख सफा गरी टाउकोमा तेल राखी श्रृंगार गरिन्छ । त्यसपछि इहि पर्सी (बिशेष प्रकारको कपडा रातो र पहेलो धर्को भएको) दिईन्छ र गुरुभाजुबाट सिंच छाये (सिन्दुरोहण) गरिन्छ । त्यसपछि सतभेतिका (अदुवा, नुन, चाकु, मिकस्वासी मदनफल, शोभायफल, माछा, सुपारी, पान, ताय (लावा) र आख्य (अक्षेता) पहेलो धागोमा बाधिएको माला लगाइन्छ । त्यसपछि इहि गर्ने कन्याको हातमा नन्दाबलि लेखिएको त्यस माथि ज्योना लप्ते (एक प्रकारको रूखको पात) राखी, ग्वा (पान), ग्वये (सुपारी) राखिन्छ । लावा, (आख्य) हातमा राखी हातलाई सः खिप (एक किसिमको डोरी) ले हात बाधिन्छ र मन्त्र उच्चारण गरिन्छ । यति भैसकेपछि कन्याहरूको राजस्वला भएपनि आमा बुबाको घरमा बस्न मिल्ने हुन्छ । २०७५ साल माघ २७ गते श्रीपञ्चमीको दिन जगतपाल महाबिहार चिलंच्व कीर्तिपुरमा भएको सामूहिक इहि र ब्रतबन्ध कार्यक्रममा सहभागि भई देखेको आधारमा ।

आमा बुबाले छोरीहरूलाई बेल समात्न लगाई आमा बुबाले गहना, कपडा, पैसा छोरीहरूलाई दाइजो स्वरूप दिने गरिन्छ । पछि इहि बेलया (ब्या) लाई सुरक्षित साथ राखिन्छ । त्यो बेललाई छोरी ठूली भएपछि केटासंग बिबाह भई गएपछि खोलामा लगी सफा गरी सुरक्षित गरी राखिन्छ । यसले गर्दा आफ्नो श्रीमानको आयु बढ्ने कुरामा विश्वास गरिन्छ (गौतम, १९९४:१२४) ।

त्यसपछि बुबाले समाउन लगाई अग्नि प्रदक्षिणा गराई सकेपछि बाबुको काखमा राखी बालिकाको औला समाई आमाले जलधारा (गाईको दुध धारा) खसाल्न लगाई कन्या संकल्प गरिन्छ । कन्या संकल्प गर्दा यो कन्याकै लागि संकल्प गरे भनी मन्त्रो उच्चारण गर्दै बाधेको हात खोलिन्छ र हातमा भएको ज्योना लप्ते (एक प्रकारको पात) सहित पोको पारेको सामान सलापामा राखिन्छ र इहिको पूजाबिधि समाप्त हुन्छ र सबै जना आ-आफ्नो घरमा फर्केपछि आगनमा छोरीलाई पिर्कामा उभ्याईन्छ र घरको नकी (मुल महिला) ले पाथीभरी चामल कपडा पैसा राखी बारा छुई गरेर घर भित्र पस्न दिन्छ र सबै घरका परिवारले सगुन दिई सामुहिक भोज खाने चलन रहेको पाइन्छ ।

## ५.६ इहि र यसमा प्रयोग हुने सामनको प्रतीकात्मक अर्थ

**१) इहि पतासी : (साडी)**

यो इहि गर्ने कन्यालाई लगाइ दिने विशेष प्रकारको वस्त्र हो । यो रातो पहेलो रङ्गका धर्साहरू भएको हुन्छ । यो वस्त्रले इहि कन्यालाई अब ठूली भयो वा आइमाई भन्ने बोध गराउछ र यो एक प्रकारको लाज छोप्ने सामाजिक मान्यता हो । यो पहिला देखि चल्दै आएको परम्परा हो । यो साडी पहिलाको व्यक्तिले व्रत बसेर नै तयार गरेको हुन्छ ।

**२) बेल**

यो एक प्रकारको  फल हो जसको बाहिरी बोक्रा कडा र नबिग्रने खालको हुन्छ । यो इहि गर्ने बेला नभई नहुने फल हो । यसलाई औषधीको रूपमा पनि प्रयोग गरिन्छ । यस फललाई शिबको प्रतिकको रूपमा कन्यादान गरिन्छ । बेल जति राम्रो पर्‍यो उति उसको श्रीमानको आयु लामो र उत्तरोउत्तर प्रगति हुन्छ भन्ने धारणा रहेको पाइन्छ ।

**३) अमला तीलले स्नान गराउने**

अमला तिलले स्नान गराउदा कपाल राम्रो भई पोष्टिक आहार पनि कपाललाई पुग्दछ भने क्व : चिक समा : अर्थात विशेष प्रकारको बुटि युक्त पिठोले मुख धुदा मुख सफा भई चमक ल्याउदछ ।

**४) सतभेदिक**

यो पहेलो काचा धागोले बनेको हुन्छ । दश थरीका विभिन्न सामग्री झुण्ड्याई कन्यालाई लगाइन्छ । यसको अर्थ कन्याको बिबाह नहुन्जेल रक्षा गरोस भन्ने भाका

राखिन्छ । दश थरी सामाग्रीहरू यस प्रकार छन् । अदुवा, मदनफल, चाकु, मिकुसी, श्रीखण्ड, जस्तो सुगन्धित (बेसार जस्तो पहेलो) शोभाय फल, सुकेको माछा, सुपारी, नुन, भूटेको धान अथवा लावा र अक्षता आदि ।

**५) सलापा**

यो बिशेष प्रकारको माटोका भाँडा हो । यस सलापा इहिको लागि प्रयोग गरिन्छ । इहिको बेला धान र इहि सामग्री यो सलापामा राखिन्छ । यसमा अष्टमंगल सूचक चिन्हहरू बनाइएको हुन्छ ।

**६) सिचं छाएगु (सिन्दुरारोहण)**

इहि संस्कारमा इहि कन्यालाई देवता पूजा गरी सिंच छायगु (सिन्दुरारोहण) गरिन्छ । यो आर्थ आयु आरोग्य, दीर्धायु, सम्मृद्धिको चिन्ह हो । यसले गर्दा इहि कन्याको पछि श्रीमान मर्दा पनि बिधवा नहुने धार्मिक विश्वास रहेको पाइन्छ ।

**७) मोकी**

यो अष्ट मंगलको सूचक चिन्ह बनाईको कागजको टुक्रा हो जुन इहि गर्ने कन्याको निधारमा लागाइन्छ । यो लगाउनको अर्थ ती कन्याको भाग्यलाई सधैं अष्ट मंगलले साथ दिओस भन्नेको लागि लगाइन्छ ।

**८) खुट्टाले मास पिस्न लगाउनु**

यसको अर्थ इहि कन्यालाई घर व्यवहार सिकाउन गराउने संस्कार हो । यसले वयस्क हुने क्रममा कन्यालाई नया काम/विद्या आर्जन गर्दै जाने कार्यमा प्रबेश गर्न लागेको हुनाले विभिन्न समस्या हटाई अगाडि बद्नु पर्छ भन्ने भाव बुझाउदछ । नाङ्लो चलाउन सिकाउने, भात पकाउन लगाउने पनि गरिन्छ ।

**९) इहि गर्ने उमेर**

इहि संस्कार नेवारहरूको छुट्टै पहिचान दिने महत्वपूर्ण संस्कारको रूपमा लिइन्छ । यो संस्कार कहिले देखि चलेको भन्ने कुरा यकिन साथ पत्ता लगाउन नसके पनि पूर्खा देखि चल्दै आएको परम्परागत संस्कार हो भनी जानकारी प्राप्त भएको छ । साथै नारीको इहि रजस्वला हुनु पूर्व गरिने एक महत्वपूर्ण संस्कारको रूपमा चलि आएको पाइन्छ ।

## १०) इहि गर्दा लाग्ने खर्च

इहि संस्कार समयानुकुल एकल वा संयुक्त रूपमा दुबै तरिका अपनाएर गर्न सकिन्छ। साथै यो संस्कार घरमा तथा मन्दिर, चैत्य, देव स्थलमा गर्न सकिन्छ। यो संस्कार कसैकसैले १ दिन र कसैकसैले दुई दिन लगाएर गर्ने चलन रहेको छ। तर कीर्तिपुरका नेवारहरूले इहि संस्कार सामूहिक र एकै दिनमा सम्पूर्ण विधि अपनाएर गर्ने गरेको पाइयो। खर्चको बारेमा प्रश्न सोध्दा आएको उत्तर यस प्रकार छन्।

**तालिका नं. ७**

**इहि गर्दा लाग्ने खर्चका बारेमा उत्तरदातको अवस्था**

| क.सं. | इहि गर्दा लाग्ने खर्च | नगद |
|---|---|---|
| १. | प्रति व्यक्ति पुजाको लागि | १५०० |
| २. | ५० जना छन् | ७५००० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार इहि गर्दा प्रतिव्यक्ति १५००/- सम्म खर्च लाग्ने ५० जना भयो भने ७५,०००/- सम्म खर्च लाग्छ। त्यसैले यो विधिले गर्दा निकै खर्च लाग्ने भएकोले आजभोलि एकल भन्दा सामूहिक रूपमा इहि गर्ने प्रचलन बढी देखियो।

'इहि' गर्ने खाली उमेरले मात्र प्रभाव नपारी समय, आर्थिक, बातावरण आदि कुराहरूले पनि प्रभाव पारेको हुन्छ। पहिले इहि कन्यालाई ढिकी जातो आदि कुरा (गृहस्य) सिकाईन्थ्यो भने अहिले समयको माग अनुसार शैक्षिक ज्ञानको बारेमा सिकाउनु पर्ने आजको आवश्यकता रहेको छ।

'इहि' संस्कारको प्रतिकात्मक अर्थ बेलसँग बिबाह गर्नु बताइएको छ। बेलसँग बिबाह गर्ने कारण भने परम्परागत रूपमा चलिआएको हुनाले यो प्रचलन चलेको हो भन्ने धेरैको राय रहेको पाइन्छ भने केहीले विष्णुको रूपमा मानेको बताएका छन्। इहि गर्ने कन्याको बिबाह पछि श्रीमानको मृत्यु भएमा कन्या विधवा हुनु पर्दैन भन्ने धेरै जसोको मत रहेता पनि हाम्रो समाजमा यो कुरा व्यवहारमा लागु भएको देखिदैन। किनकी श्रीमानको मृत्यु पश्चात पनि नेवारी महिला अर्को पुरुषसँग बिबाह नगरी श्रीमानकै घरमा बसेको

पाइन्छ । काठमाडौं र बाहिरका नेवारहरूले गर्ने इहि संस्कारमा विधि र प्रकृयामा केही फरक देखिएता पनि मुल कुरामा फरक देखिदैन ।

### ५.७ इहि गर्दा चाहिने सर सामानहरू

'इहि' गर्दा विभिन्न सामग्रीहरूको आवश्यकता पर्दछ । ती सामग्रीहरूको सूची यहा दिइएको छ ।

| | |
|---|---|
| क) माटोको सामान (कुम्हाःज्वल)<br>यक्ष कलश - १ ओटा<br>इक्षणी कलश - १<br>श्री कलश - १<br>नाग कलश - १<br>प्रणीत कलश बिर्को भएको - १<br>अष्ट कलश - ८<br>गणेश कलश - १<br>निसला. पा - १६<br>सला. पा - ४<br>अलिध - १<br>सलिचा - ५० | क)<br>काँचा इटा ६० वटा (आवश्यकता अनुसार)<br>काँचा म्वचा ४ जोर<br>चोलो -१<br>मुगी - २०० ग्राम<br>सानो केराउ - २०० ग्राम<br>मास गेडा - २०० ग्राम<br>गहत - २०० ग्राम<br>पछ्यौरा - १ ओटा<br>ब्रम्हालाई रातो पछ्यौरा - १ ओटा<br>रातो कपडा टुक्रा - १ मिटर<br>यज्ञलाई चकटी आसन - १ ओटा<br>पहेलो काचो धागो नौसुते - १ डल्ली |
| ख) कपडाको सामग्री<br>धोती रूमाल - ४ जोर (आवश्यकता अनुसार)<br>तीन तह भएको रातो छत्र - १ ओटा<br>तीन तह भएको सेतो छत्र - १ ओटा<br>इहि पतासि (बहमालाई) - ओटा<br>इहि पर्सि (एक किसिमको गुन्यु) - १ ओटा | ख)<br>पसका धागो - १ डल्ली<br>पाते कपडा - १ ओटा<br>छोरीलाई दिने लुगा - १ जोर<br>फुपुलाई लुगा - १ जोर |
| ग) ब्रीही समान (ब्रीहीज्वल)<br>जौ - १ किलो<br>जुगे धान - २०० ग्राम<br>कालो भटमास - २०० ग्राम<br>सस्यु - २०० ग्राम | घ) सुनचादीको सामान (ब्लुवह : याज्वल)<br>सुनको औठी - १ ओटा<br>सुवर्णकुमार प्रतिमा - १ ओटा<br>सनको टिका - १ ओटा<br>सुनकमल चादीकमल - १ जोर |

| | |
|---|---|
| शर्या - २०० ग्राम<br>सेतो तिल - २०० ग्राम<br>खैरो तिल - २०० ग्राम<br>कालो तिल - २०० ग्राम | सुन चादीको छलंचा - १ ओटा<br>पञ्चरत्न - १ पोका<br>चादीको प्याख औठी - ४ ओटा<br>चादीको दृष्टि - १ ओटा |
| ङ) भाडाकुडा<br>कासको कचौरा - २ ओटा<br>तामाका अर्ध त्रिखुटि समेट - १ जोर<br>टामाको पञ्चपात्र आचमती - ४ जोर<br>तामाको त्रिकोण चटुब्कोण - १ जोर<br>तामाको ब्रीहसला - १ ओटा<br>तामाको पूर्ण पात्र - १ ओटा<br>तामाको घृत धारा - १ ओटा<br>तामाको थाय् भु र उद्या - १ जोर<br>फुपुलाई कासको कचौरा - १ ओटा | च) पातहरू (हःज्वल)<br>पिपलका पात - ३०० ओटा<br>आपका पात - २५ ओटा<br>वरको पात - २५ ओटा<br>दुबोसिको पात - २५ ओटा<br>चस्वाको पाट - २५ ओटा<br>डीरी - २/४ ओटा |
| छ) अन्य सामानहरू<br>जटावाल नखिल - १ ओटा<br>जखिल - १ ओटा<br>नखिल टुक्रा - १ पोका<br>खीर पकाउने मसाला - १ पोका<br>सिंगो सुपारी - ४० ओटा<br>बेल - १ ओटा (आवश्यकता अनुसार)<br>मदको - १ ओटा<br>सुभायुख - १ पोका<br>यज्ञ औषधि - १ पोका<br>तोरी - २०० ग्राम<br>कर्ण पिजलु - ग्राम<br>ज्यामिर - १ किलो<br>खाइसि - १ किलो<br>मुला - १ किलो<br>ज्यानालप्ते - १ ओटा | ज) काठहरू<br>सिन्का - १ मुठा<br>सोसि - ५० ओटा<br>अब्टादश समिधाधुलो - १ पोका<br>निगालो - १ पोका<br>फाठको ओखल - १ जोर<br>ढुंगाको ओखल - १ जोर<br>कुचो - १ ओटा<br>जोहासा खोना - १ जोर,<br>लिविचा - १ ओटा |
| झ) पुजा गर्ने सामानहरू<br>लावा - १०० ग्राम | पञ्चपकवान रोटी - १ पोका<br>निसला रोटी - १ पोका |

| | |
|---|---|
| चून - १०० ग्राम | पानपत्ता - ७ ओटा |
| अक्षता - १०० ग्राम | पान - १२ वेर |
| घिउ (भउ गाईको) - २०० ग्राम | फलफूल - ३ भाग |
| जजंकोखा - १०० ओटा | रोटी - ३ भाग |
| अगरबत्ती - १ पोका | वयर - २०० वटा |
| धूप - १ पोका | दुबोसित चमेली फूल - १०८ ओटा |
| बत्ती - १ पोका | दुबो - १ मुठा |
| ख्यलुक्ती घिउदली - १०८ जोडा | चाकु - १ ओटा |
| अबिर - १ पोका | अडुवा - ५० ग्राम |
| सिन्दुर - १ पोका | दाल - १०० ग्राम |
| पहेलो टिका - १ पोका | नुन - १०० ग्राम |
| चामल - १ किलो | सुकेको माछा - १० ओटा |
| पञ्चामृत - घिउ, मह, गाईको दुध, दही र सख्खर वा चिनी) | गौउग्रास - ३ भाग |

## ५.८ आर्थिक र भौतिक जीवन

कीर्तिपुरमा बस्ने नेवारीहरूको पेशा धेरै जसोको कृषि नै रहेको पाइन्छ । साथै व्यापार उनीहरूको दोस्रो प्राथमिकतामा पर्दछ । नेवारी समुदायको ज्यापुहरूले उनीहरू किसान भनेर चिनाउनमा गर्वको महसुस गर्दछन् । कृषि उनीहरूको जीवनकोपार्जनका मुख्य स्रोत हो । नेवारहरूको जीवनमा कृषिको महत्व रहेको कुरा तिनीहरूको एउटा महत्वपूर्ण चाड मच्छिन्द्रनाथमा मात्र नभएर अन्य विभिन्न संस्कारहरूमा महत्वपूर्ण रूपमा प्रतिबिम्बित हुन्छ । किसानहरू आफ्नो खेतीको लागि पानीको अभाव भएको बेला देवी मच्छिन्द्रनाथको पूजाले पानी पर्ने धारणा उनीहरूमा रहेको पाइन्छ ।

नेवारहरूले जग्गालाई उत्पादकत्व, सिंचाइ सुविधा आदिका आधारमा सिम, होम र अबल भनेर वर्गीकृत गर्छन । बालीका आधारमा खेत र बारी भनेर विभाजित गर्दछन् । साथै, स्वामित्वका आधारमा जग्गालाई रैकड, बिर्ता र गुठी भनेर छुटाउने गर्दछन् । रैकड सरकारी, बिर्ताकर छुट भएको र गुठी सामाजिक तथा धार्मिक प्रयोजनका लागि उपयोग हुने जग्गा हुन्छ । गुठीको जग्गाबाट हुने आम्दानी धार्मिक र सामाजिक हितमा खर्च गर्ने गर्दछन् । नेवारहरूको अधीनस्य रहेको सम्पूर्ण गुठीका जग्गाहरू साना गुठी र देवाली गुठीसँग आबद्ध भएका हुन्छन् । गुठीको सम्पत्ति भोज र भतेरमा समेत खर्च गर्छन् ।

जग्गाको उत्तराधिकारीका सन्दर्भमा कीर्तिपुरका नेवारहरू पर्वतेहरू भन्दा धेरै थिए । तर नेवारहरूको स्वभावको कारण ति जग्गाहरूको धेरै बेचविखन पर्वतेहरूलाई भएको पाइन्छ । नेवारहरूमा अबिबाहित छोरीले समेत अंश पाउँछिन तर बिबाहित भएपछि भने त्यसलाई फिर्ता आमाबुबालाई दिनुपर्छ ।

नेवारहरूको खेतीगर्ने विधि साधारण रहेको छ । उनीहरू वर्षको दुई प्रकारको धान र गहुँको खेती गर्दछन् । उनीहरू हलोको प्रयोग गर्दैनन् । उनीहरू कोदालो (कु) को सहायताले मानवीय कामको प्रयोग गर्दछन् । तर अहिले प्रविधिको कारणले खेत खन्नको लागि ट्र्याक्टरको सुविधा भएको छ । अहिलेको युसम्म आइपुग्दा खेती पाटीले भन्दा पढेलेखेका कारण जागिर खान विदेश जाने गरेको पाइन्छ । कीर्तिपुर एउटा शहरको रूपमा रहेपनि यहा बसोबास गर्ने नेवाहरू ९०% शिक्षित छन् । शिक्षित व्यक्तिहरूपनि यहा आफ्नो योग्यता अनुसार पारिश्रमीक कम भएकोले विदेश जाने गरेको देखिन्छ ।

नेवारहरू सांस्कृतिक प्रभुत्व भएका समुदायका सदस्यहरू हुन् । नेवारका सामाजिक सङ्गठनहरू विशिष्ट यस अर्थमा रहेका छन् कि यिनीहरू बुद्धमार्ग र हिन्दुमार्गको समिश्रणबाट बनेका छन् । यी दुई धार्मिक समूहहरू बिचमा पारस्परिक सद्भाव र सम्मान तिनीहरूको व्यवहारमा देखिन्छ । नेवारको धर्म खासगरी भौतिक उद्देश्य प्राप्तितर्फ परिलक्षित देखिन्छ । धर्मलाई अझ जातहरूको प्रकार्यात्मक सम्बन्धका आधारमा चित्रण गर्न सकिन्छ ।

नेवार समुदायका सम्पूर्ण सामाजिक सम्बन्धहरूको सञ्जाललाई विभिन्न गुठीहरू अन्तर्गत चल्ने चाडपर्वहरूबाट मजबुती प्राप्त हुने गर्छ । यस्ता चाडपर्वहरू असङ्ख्य रहेका छन् । तिनीहरू धार्मिक भन्दा पनि बढी सामाजिक रहेका छन् । यस्ता चाडपर्वहरूमा सहभागीताका कारण नेवारहरू समाजबाट सुरक्षित भएको ठान्छन् । पारिवारिक, पितृवंशीय समुहहरू, जात र समुदायका तहमा हुने विभिन्न चाडपर्वहरूबाट एकता कायम भएको हुन्छ । यस्ता चाडपर्वहरूले जीवित व्यक्तिहरूका विचमा एकता मात्र, कायम नगरी जीवित र मृतकका बिचमा सर्म्पक स्थापना गर्ने सेतुको काम गरेका हुन्छन् । नेवारका सम्पूर्ण सांस्कृतिक प्रथाहरूले यस्तो खालको संस्थागत जटिलताको निर्माण गरेको छ जहाँ समानका सम्पूर्ण व्यक्तिहरूले एकताको महसुस गर्छन् ।

## ५.९ इहि संस्कारमा आएको परिवर्तन

संस्कृतिभित्र आस्था, आर्दश, मूल्यमान्यता र कार्य प्रक्रिया सबै निहित हुन्छन् । आस्था र आदर्श भनेका वैचारिक, वा भावनाका कुरा मात्र होइनन् : यिनले स्थूल र भौतिक रूपमा गरिने कर्मलाई निर्देशित पनि गर्छन् । संस्कृति कर्म पनि हो र आस्था पनि हो ।

संस्कृति तथा संस्कारबारे एउटा अर्को बलियो तर गलत धारणा के छ भने संस्कृति इतिहास, परम्परा, पुराना आस्था र व्यवहारसँग समबिन्धत छ । हामी कसरी पनि विवचार गर्छौ भने संस्कृति भनेको यस्तो चिज हो, जुन परिवर्तन हुँदैन वा दीर्घकालमा मात्र परिवर्तन हुन्छ । संस्कृति अन्तर्गत रीतिरिवाज, संस्कार, धर्म अन्धविश्वास आदि परम्परागत मुल्यमान्यता आदी पर्दछन् । वास्तवमा भन्नु पर्दा समाजका अन्य क्षेत्र जस्तै संस्कृति पनि समयको परिवर्तसँगसँगै थोरै बृहत् परिवर्तन हुन्छन् । त्यस्तै गरी इहि संस्कारमा पनि समय अनुसार कहि कटै केही परिवर्तन भएको देखिन्छ । पुजाको सामग्रीमा खासै परिवर्तन नभएपनि देखावटीको लागि हुने खानेले धेरै धाक देखाएर महंगा महंगा सामानको प्रयोग गरेका छन् । आफु छुटै परिवारले आर्थिक भार बहन गरी आफ्नो छुटै परिवारको मात्र गुरुजु राखी छोरीको इहि गरिएको पनि पाइन्छ । परम्परागत सारीको सत्तामा दोपत्ताको सारी लगाइदिन्छ । परम्परागत इहिमा भन्दा अहिलेको इहिमा धेरै गरगहनाहरूको पनि देखावटी गरेको पाइन्छ । कहि कटै परम्परागत गर्नुपर्ने संस्कार भएपनि आफ्नो आमाबुबाको देहवसान पछि छोरी वा परिवारको अरू सदस्यहरूले नमानेको पनि पाइयो । पहिले देखि मान्दै आएको वा संस्कार तपाईले किन नमान्नु भएको भन्दा यो इहि गरेर के भएको छ र नगरेर के भएको छ भन्ने पनि जवाफ पायो । कोही नेवार समुदायकोले पनि अनावश्यक खर्च नगरी आवश्यक विधिमात्र पुरा गर्ने भन्ने पनि पायो । धेरै थरि व्यक्तिसँग प्रतेक्ष बुझेर हेर्दा धेरै थरिका जवाफ भेटिन्छ । मुख्य रूपमा भन्नु पर्दा हुनेखोने वर्गहरूले इहि संस्कारमा धेरै जसो देखावटीको रूपमा लिएको हुनाले यो संस्कार समस्याको रूपमा पनि लिएको पाइन्छ ।

# अध्याय : छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

नेपाल विभिन्न जातजाति भाषा, धर्म, संस्कृति तथा रितिरिवाज भएको देश भएकोले विभिन्न कला र साहित्यको एक विशिष्ट पहिचान बनाएको छ । नेपालमा १०१ जातजाति र ९२ भाषा भाषीहरूको एक साझा फुलबारी हो । भौगोलिक रूपमा हिमाल, पहाड, तराई भागमा विभाजन गरे तापनि विभिन्न जातिहरूमा सुमधुरसम्बन्ध रहेको पाइन्छ । नेपाल एक धर्म निरपेक्ष देश भएकोले आजसबै धर्म समान रूपमा विकास गर्ने अवसर मिलेको छ ।

यसै सन्दर्भमा कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने नेवारहरूको पहिचान र तिनीहरूको संस्कारहरूका बारेमा खोज अनुसन्धान धेरै जसोले नगरेकोले त्यो क्षेत्रमा बसोबास गर्ने नेवाहरूको विभिन्न संस्कार मध्ये इहि अर्थात बेल बिबाह पनि एउटा महत्वपूर्ण संस्कार हो । यो संस्कार नेवार बाहेक अरू जातिमा गरेको पाईदैन ।

'इहि' संस्कार पूर्ण रूपमा स्थलगत अध्ययन गरियो शोधपत्र विश्लेषणात्मक र वर्णनात्मक शैलीमा तयार गरिएको छ । प्रस्तुत शोधपत्रमा विभिन्न उमेर समूहका ५० जनासँग भेटवार्तागरी अवलोकन, प्रश्नावली अन्तरवार्ताबाट सङ्कलन विधिद्वारा प्राप्त सूचनाहरूलाई प्रमुख आधार बनाइएको छ । ती सबै कुराहरू संक्षेपिकरण गरी तल प्रस्तुत गरिएको छ ।

कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने नेवारहरू विशुद्ध यहीका रैथानेहरू नै हुन् । यहा मूलत ९९% नेवारहरूको बाहुल्यता रहेको पाइन्छ । यहाँका प्राय सबैले नेवारी भाषा नै बोल्दछन् भने धेरैजसो कृपि, व्यापार तथा आजभोली नोकरी पेशामा संलग्न रहेको पाइन्छ । आजभोलि नेवारहरूमा पनि आफ्नो बच्चाहरूलाई नेपाली भाषा बोल्न सिकाउन थालेकाले नेवारी भाषा लोप हुने अवस्थामा रहेको पाइन्छ । यहाँ नेवारहरूमा पनि विभिन्न जातजातिहरू पाइन्छन् । बजाचार्य, शाक्य, जोशी, प्रधान, श्रेष्ठ, महर्जन, सुवाल, तन्डुकार, मानन्धर, बलामी, कसै, च्यामे, पोडे, कपाली, दर्शनधारी आदि हुन ।

कीर्तिपुर एक ऐतिहासिक, धार्मिक, स्थलका कारण महत्वपूर्ण मानिन्छ । यहाँको उमामहेश्वर, बाघभैरब मन्दिर, चिलंचो बिहार तथा इन्द्रायणी देवीको मन्दिर रहेकोले अझ पर्यटकीय गन्तब्य स्थलको रूपमा प्रख्यात छ ।

यहाँका नेवारहरूले विशेष गरी दशै, तिहार, जनै पूर्णिमा, सात गाउले जात्रा, मातातीर्थ (औसी) कुशे औशी माघे संक्तान्ति, गाईजात्रा, नागपञ्चमी, शिबरात्री, श्रीपञ्चमी, सिथिनख आदि विभिन्न चाडपर्वहरू मनाउदछन् ।

जन्मदेखि मृत्यु सम्मका विभिन्न संस्कारहरू मध्ये जन्म, न्वारान, पास्नी, इहि, ब्रतबन्ध, गुफा, बिबाह, बुढाबुढी (जंक्व) भिमरथारोहण आदि मुख्य कार्यहरू मान्दछ । यहाको नेवारहरूमा पनि जात पिच्छे पूजा विधिमा फरक पाइन्छ । यसको प्रमुख कारण आर्थिक अवस्था हो ।

दश कर्म संस्कार मध्ये 'इहि' (बेलबिबाह) महत्वपूर्ण संस्कार हो यो संस्कार छोरी जन्मेको ५ देखि ९ वर्ष अथवा रजस्वला हुनपूर्व गरिने संस्कार हो । यो संस्कार प्रत्येक नेवारहरूले अपनाउदै आएको संस्कार हो । इहि गरिसकेपछि छोरी कहिले पनि विधवा नहुने र यदि श्रीमानको मृत्यु पश्चात पनि यिनीहरूले रातो वस्त्र तथा वस्तुको प्रयोगलाई प्रतिवन्ध लगाइँदैन ।

'इहि' गर्नु अब छोरी ठूली भई भन्ने अर्थ लाग्दछ । यसै सिलसिलामा गृहस्थी जीवनमा सिक्नुपर्ने सबै रितिरिवाज सिकाइन्छ । इहि संस्कार पनि छोराहरूको (छेवर) ब्रतबन्ध गरे जस्तै हो । ब्रतबन्ध गरेपछि उनीहरूलाई कूलभित्र सामाजिक रूपमा प्रवेश गराइन्छ जसले गर्दा नेवारी संस्कार अनुसार आमा बुबाको मृत्यु भए सम्पूर्ण कार्य छोराले गर्नुपर्छ । यसै गरी इहि गरेको कन्यालाई पनि कूल भित्र प्रवेश गराइने र आफ्नो दाजुभाई भित्रका सम्पूर्ण धार्मिक प्रवेश गराइन्छ र मृत्यु भएमा पनि जुठो बार्नुपर्ने हुन्छ ।

'इहि'लाई बेलबिबाह भनिएकोले यसलाई बिबाहको रूपमा पनि लिइन्छ । सुवर्ण कुमार (विष्णु भगवान) को प्रतीकको रूपमा पूजा गरी उनैलाई कन्यादान दिने संकल्प गरी पछि बेलरूपी (शिव भगवान) को प्रतीकको रूपमा पूजा गरी उनैलाई कन्यादान दिने संकल्प गरी पछि बेल रूपी (शिव भगवान) सँग बिबाह गराइन्छ । धेरै जसो नेवारहरूले नेवार पुरोहित (गुरुजु) लगाएको पाइन्छ तर काठमाडौं बाहिरका नेवारहरूले ब्राम्हणलाई पुरोहितबाट कर्म चलाइन्छ ।

'इहि' गर्दा धेरैको नकी वा कूलको जेष्ठ महिलाले सिन्दुरारोहण गरिन्छ भने कसैले पुरोहित पत्नी गुरुमाद्वारा सिन्दुरारोहण गरिन्छ । कीर्तिपुरमा बसोबास गर्ने नेवारहरू प्राय : बौद्ध र हिन्दु धर्म मान्दछन् । विशेष गरी यहाका श्रेष्ठहरूले पूजा आजाको कार्य गराउँदा ब्राहमण लगाउछ त महर्जन तथा अन्य जातजातिहरूले पुरोहित गुरुजुबाट गराउदै आएको पाइन्छ । तर हिन्दु र बौद्ध धर्म मात्र भए तापनि सबैले समान रूपमा चाडपर्व मनाउदै आएकोले नेवारहरूमा सहिष्णुताको भावना रहेको पाइन्छ ।

यस क्षेत्रमा बसोबास गर्ने नेवारहरूमा पनि पहिले जातीय छुवाछुत अर्थात् विभेद देखिन्थ्यो । तँ सानो म ठूलो भन्ने भावना थियो । एकले अर्काले छोएको नखाने हुँदा एक किसिमको जातीय विभेद थियो । अहिले विज्ञान तथा शैक्षिक अवस्थाले गर्दा त्यस्ता सोच हट्दै गएको देखिन्छ । यसले गर्दा पहिले आफ्नो जाति भित्र मात्र हुने बिबाह अहिले सबै जातिमा गर्ने परिपाटी देखिन्छ ।

कुनै पनि संस्कार गर्दा विभिन्न किसिमका पूजा सामाग्री देखि भोजमा पनि विभिन्न परिकारहरू बनाउनकुनै पनि संस्कार गर्दा विभिन्न किसिमका पूजा सामाग्री देखि भोजमा पनि विभिन्न परिकारहरू बनाउनु पर्ने हुन्छ । यसले गर्दा आर्थिक अवस्था कमजोर हुने वर्गका नेवारहरूमा निकै कठिनाई पुगेको देखिन्छ । त्यसैले गर्दा पनि अहिलेको अवस्थामा खर्चिलो एवम् महगाईको हिसाबमा पनि एकल अथवा घरमा इहि सम्पन्न गर्दा सम्पूर्ण सर सामान जुटाउनु पर्ने र खर्चिलो हुने हुँदा प्रायः सबै नेवारहरूले सामुहिक रूपमा इहि संस्कार गराउँदै आएको पाइन्छ । काठमाडौंमा इहि संस्कार दुई दिन लगाई गरिन्छ भने कीर्तिपुरमा उक्त कार्य एकैदिन सम्पन्न गर्दै आइरहेको पाइन्छ । यसले समयको सदुपयोग तथा न्यून खर्चलाई विचार विमर्श गरिएको देखिन्छ । यसैले कीर्तिपुरमा नेवार र बाहिरका नेवारहरूको रहनसहन लवाइखवाई भेषभूषा रितिरिवाज आदिमा समेत फरक देखिन्छ ।

## ६.१ निष्कर्ष

'इहि' संस्कार नेवार समाजमा बालबिबाह हुने प्रथालाई रोक्ने माध्यम भएको मानिन्छ । इहिपछि मात्र कन्याको बिबाह हुनुपर्ने मान्यताले बाबबिबाह रोक्ने क्रान्तिकारी पाइला भएको मानिन्छ । जुन हालको आधुनिक समय बालबिबाह हुने अवस्था कम भए पनि यसबाट अशिक्षित क्षेत्रमा यस क्रियाले बाल बिबाह प्रथालाई केही हदसम्म रोक्न सक्ने देखिन्छ ।

कीर्तिपुर शहर एक ऐतिहासिक शहर हो । यहा बसोबास गर्ने नेवारहरूको आफ्नै मौलिक संस्कारको रूपमा इहि बेलबिबाह पनि एक हो । यो नेवार बाहेक अन्य जातिमा पाईदैन । नेवार समहुदायमा गरिद आएको संस्कार क्रियाहरूलाई हेर्दा पुरुष र महिला दुबैलाई समान रूपमा दिँदै आएको पाइन्छ । यसै अनुरूप बालकहरूलाई वयस्क प्रवेश स्वरूप चुडाकर्म ब्रतबन्ध गरी कयता (धोटी) ग्रहण गर्न लगाइन्छ । इहि बालिकाहरूलाई समाजमा प्रवेश गराउने तथा मान्यता दिलाउने क्रियाको रूपमा लिइन्छ । बालिकाको समय तथा शारीरिक विकास परिवर्तन सँगै मानसिक परिवर्तन भै कलापन हराई नया अवस्थामा प्रवेश गर्ने हुन्छ । यस अवस्थामा बालिकाको बालापनबाट वयस्क प्रवेशसँगै समाजका नियम व्यवहार पालन गर्न सक्ने अवस्थामा बालिकालाई इहि क्रिया गरिएको पाइन्छ । इहि नगरेका बालिकालाई बच्चासरह मानिन्छ र समाजका कुनै पनि नियम व्यवहारले हुदैन । तसर्थ नेवा समाजमा बालिकाहरूलाई नेवार समाजको मुल्य मान्यता अनुसार अनिवार्य संस्कार भएको पाइन्छ ।

'इहि' संस्कार नेवार समाजका नारी वर्गहरूको मुल्य मान्यताका साथै नारी स्वतन्त्रताको अनुभुति उपभोग गर्न दिइएको पाइन्छ । इहि संस्कार गरेका नारी कहिले पनि विधवा नहुने सामाजिक मान्यता रहेको पाइन्छ । साथै बिबाह गरिएका नानीहरूले कुनै अवस्थामा आफ्नो लोग्नेसँग पारपाचुके (सम्बन्ध बिच्छेद) गरी पुन : अर्को पुरुषसँग बिबाह गर्न सक्ने सामाजिक मान्यताले नारी स्वतन्त्रता तथा अधिकार दिएको पाइन्छ ।

'इहि' संस्कार धार्मिक तथा सांस्कृतिक रूपमा निकै महत्वपूर्ण संस्कार हो । मनुस्मृटिले बताए अनुसार छोरीको बिबाहपूर्व रजस्वला भए वा उसको आमा बुबाले देख्नुपरेमा नरक लोकमा भोग्नुपर्ने र पाप लाग्ने कुराले सानै उमेरमा छोरीको बिबाह गराउनुपर्ने वाध्यता थियो । यसले गर्दा ती छोरीले अर्काको घरमा ठूलो दु:ख समस्याको सामना गर्नुपर्ने स्थिति थियो । यसबाट बच्नको लागि अर्थात् बालबिबाह रोक्ने माध्यमको रूपमा इहि संस्कार प्रचलनमा आएको हुन सक्छ । त्यस्तै गरी तत्कालीन समयमा सती प्रथाकोप्रादुर्भाव थियो । श्रीमानको मृत्युपछि अनिवार्य सती जानुपर्ने बाध्यतालाई इहि संस्कारले बाटो देखाएको देखिन्छ ।

'इहि' संस्कार नेवारहरूको दशकर्म मध्ये एक महत्वपूर्ण संस्कार हो । यो संस्कारको मुख्य उद्देश्य भनेको कन्यालाई कुलभित्र प्रवेश गराउने तथा सामाजिक मुल्य मान्यता तथा व्यवहारमा सम्मिलित गराउने क्रिया हो । यसका साथै घरेलु काम सिकाउने संस्कारका

रूपमा प्रचलित छ । अहिले आएर समय परिवर्तन सँगसँगै सबैले आफ्ना छोरीहरूलाई शैक्षिक ज्ञान सिकाउन चालिएको अवस्था रहेको पाइन्छ ।

'इहि' संस्कार क्रियालाई जातीय समानताको रूपमा लिइन्छ । यो संस्कार गर्दा इहि गर्नुपर्ने सम्पूर्ण जातिहरू प्राय गरी सामुहिक एकै ठाँउमा गरिने र इहि गरिएका बालिकाहरूलाई भोजन गराउँदा पनि एकै ठाँउमा बसी गराइन्छ । यसले जातभातको भावनालाई लत्याएको पाइन्छ ।

अन्तमा नेवार समुदायमा नारीहरूलाई मात्र गरिदै आएको 'इहि' संस्कारले नेवार नारीहरूको मुल्यमान्यता तथा महत्वलाई समाजमा पुरुष समान स्थान दिएको पाइन्छ र नारीलाई स्वतन्त्र अधिकार दिएको भन्न मिल्दछ । साथै समाजले दिएका अधिकार तथा मान्यतालाई नेवार नारीहरूले सहि उपयोग गर्न सकिएको छैन । यसर्थ 'इहि' संस्कारको मुल्यमान्यता तथा विशेषतालाई समाजमा बुझाउनु जरूरी देखिन्छ ।

# सन्दर्भ सामग्रीसूची

उपासिका, मोति लक्ष्मी, (२०५४), **धौबजी निबन्ध,** काठमाडौँ : मुना नेपाल भाषा परिषद्, प्रकाशन ।

खत्री, अजित (२०६७), **नेवारी समुदायमा महिलाको सामाजिक तथा आर्थिक अवस्था**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र, केन्द्रीय विभाग, कीर्तिपुर ।

ग्वंग तेजेश्वर बाबु (२०५२) **संस्कृतिका आयाम,** प्रथम संस्करण, बिजया श्रेष्ठ प्रकाशन ।

धौ बन्जा (२०६८), **जाति व्यवस्था नेवार समुदायको सम्बन्धमा,** रत्न पुस्तक भण्डार काठमाडौँ ।

जुजु, बलदेव (ने.सं. १११९) **नेवा : संस्कार र उभिया विधि,** काठमाडौँ वैदिक प्रतिष्ठान न्हायकताला ये ।

जोशी, हरिराम (२०५८), **अभिनब सांस्कृतिक कोष**, जोशी रिसर्च इन्स्टिच्युट, टेकु काठमाडौँ ।

नेपाली, गोपाल सिंह (१९६५), **दनेवार्स**, मुम्बई : युनाइटेड एसिया पब्लिकेशन, रामपाट रोट ।

प्रधान, भुवनलाल, (२०३२), कीर्तिपुरको स्थापना, **मधुपर्क,** ८-१०, पृ. ३-७ ।

बज्राचार्य, गणेश, (२०५८), **नेवार संस्कार तथा पूजा विधिहरू**, काठमाडौँ : नेपा भाषा : मंका खल ।

बज्राचार्य, बज्रमुनि (ने.सं. ११२०), **नेवार संस्कार परिचय**, नेपाल मंगल, पा.चा. धुकु प्रकाशन ।

बज्राचार्य, बज्रमुनि (ने.सं. ११२०), **नेवा : संस्कार व उकिया शब्दावली छगु, अध्ययन,** मानविकी र सामाजिक अध्ययन संकाय नेपाल भाषा केन्द्रीय विभाग, पाटन संयुक्त क्याम्पस ।

बज्राचार्य, प. बद्ररत्न (ने.सं. ११२५), **दशकर्म संस्कार धर्म,** माइली बज्राचार्य कायग : ननि प्रकाशन, इतुवहा यें ।

बज्राचार्य, बन्द्रीरत्न (ने.सं. ११२५) **दशकर्म संस्कार धर्म**, काठमाडौँ : कायग : ननी प्रकाशन, इटुब्हायो ।

बज्राचार्य, रत्नकाजी (२०५६), **नेवा : संस्कार संस्कृतिया ताःचा**, काठमाडौँ : बज्राचार्य प्रकाशन ये ।

बज्राचार्य, रत्नकाजी (२०५६), **गर्भदेखि मरणोपरान्त सम्मको संस्कार**, गीता राज भण्डारी प्रकाशन ।

बज्राचार्य, प. बद्रीरत्न (ने.सं. ११२५), **दशकर्म संस्कार धर्म,** काठमाडौँ : कायग : ननी प्रकाशन इतुवहा ये ।

बिष्ट, डोरबहादुर (ई. १९९६), **पिपुल अफ नेपाल,** काठमाडौँ : रत्नपुस्तक भण्डार ।

बिष्ट, डोरबहादुर (२०४२), **सबै जातको फुलबारी,** ललितपुर : साझा प्रकाशन ।

मजपुरीया, इन्दु (ई.सं. १९८२) **नेपाली महिला,** काठमाडौँ : देवी कीतिपुर प्रकाशन ।

महर्जन (विष्ट) उर्मिला (२०७१), **कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने नेवार समुदायको चाडपर्व तथा 'इहि' संस्कार : एक अध्ययन**, अप्रकाशित स्नातकोत्तर र शोधपत्र : समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

महर्जन, तुयुबहादुर (२०५४), **कीर्तिपुर नगर**, बागबजार : कीर्तिपुर नगरपालिका ।

मानन्धर, राजदेवी (२०५७), **काठमाडौँ : एघार टोलका मानन्धर समुदायको सामाजिक सांस्कृतिक अवस्था : एक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र मानव शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

राजभण्डारी, रिता (ने.सं. ११२२), **नेवा : 'इहि'या विधि नेपाल मण्डल,** धचाः धुकु प्रकाशन, पाटन संयुक्त क्याम्पस ।

रेग्मी, डी.आर (ई. १९६६), **मेडिकल नेपाल,** फर्मा, के एल, मखोपाध्याय, कलकत्ता ।

सुवेदी, मधुसुधन (२०५६), **हिन्दु विवाहको इतिहास**, श्रीमती सानुमाया सुवेदी प्रकाशन ।

शाक्य, ऋतुपौ (ने.सं. ११२७), **मुखपत्र,** काठमाडौं : राष्ट्रिय शाक्य समाज नेपाल ।

हेमिल्टन, फ्रान्सिस बुचतान (ई. १९७१), **अन एकाउन्ट अफ दि किङडम अफ नेपाल**, नयाँ डिली ।

श्रेष्ठ, स्वयम्भुलाल (ने.सं. १०८८), **भिजी च्वसापासा,** काठमाडौं : प्रकाशन ।

श्रेष्ठ, स्वयम्भुलाल (२०६६), **नेपालका नेवारहरू**, पहिचान र पृष्ठभूमि, काठमाडौँ, नेपाल, भाषा ग्रन्थ अनुसन्धान तथा विकास संस्था IFRD प्रथम सस्करण नेपाल ।

श्रेष्ठ, स्वयम्भुलाल (२०२८), **हामी नेपाली, प्रथम संस्करण**, ललितपुर : श्रेष्ठ प्रकाशन ।

## नेवारहरूको 'इहि' संस्कारको एक अध्ययन

## समूह 'क'

## व्यक्तिगत विवरण

नाम :.....................................   उमेर/लिङ्ग:................

जन्मस्थल : ...............................   शिक्षा : ...................

पेशा : ....................................   धर्म : ....................

भाषा : ..................................हालको बसोबास स्थान : .................

**वस्तुगत प्रश्नावली**

**सहि उत्तरमा (=Ĕ) चिन्ह लगाउनुहोस् ।**

१. नेवारको उत्पत्ति कसरी भयो थाहा छ ?

क) छ ☐   ख) थाहा भएन ☐

२. नेवारहरूको थरको बारेमा थाहा छ ?

क) थाहा छ ☐   ख) थाहा भएन ☐

३. नेवारहरूको जातीय विभाजन छ ?

क) छ ☐   ख) छैन ☐

४. नेवारहरूको जातीय विभाजन केको आधारमा भएको होला ?

क) कामको आधारमा ☐   ख) अन्य ☐

५. म नेवार हो भन्ने आधार के हो ?

क) आफ्नै भाषा ☐   ख) आफ्नै संस्कृति वा संस्कार ☐

ग) माथिको दुवै ☐

६. तपाईहरूले नेवारी भाषा बोल्नु हुन्छ ?

क) बोल्छौ ☐   ख) बोल्दैनौ ☐

ग) अलिअलि बोल्छौ ☐

७. नेवारहरूको प्रमुख चाडपवहरू कुन कुन हुन् ?

क) दशै ☐   ख) तिहार ☐

ग) सिद्धिनख ☐   घ) माथिको सबै ☐

८. नेवारहरूले मान्ने धर्म कुन हो ?

क) हिन्दू ☐ ख) बौद्ध ☐

ग) क र ख दुवै ☐ घ) अन्य ☐

९. काठमाडौँ उपत्यकाका नेवा र बाहिरका नेवा संस्कारका भिन्नता ?

क) धेरै भिन्नता ☐ ख) छैन ☐

ग) अलि अलि भिन्नता छ ☐

१०. नेवारहरूले आफ्ना संस्कार गर्दा कुन पुरोहित लगाउँछन् ?

क) गुभाजु ☐ ख) पर्वते ब्राह्मण ☐

११. इही संस्कारको बारेमा थाहा छ ?

क) छ ☐ ख) छैन ☐

## समूह 'ख'
## खुल्ला प्रश्नावली

१. नेवार जातिले मनाउने चाड पर्वहरू के के हुन् ?

..................................................................................

२. नेवार जातिको छोरा जन्मेपछि गरिने संस्कार कुन कुन हुन् ?

..................................................................................

३. नेवार जातिको छोरी जन्मेपछि गरिने संस्कार कुन कुन हुन् ?

..................................................................................

४. इहि संस्कार कहिले देखि सुरू भएको हो ?

..................................................................................

५. इहि संस्कार कति वर्षको उमेरमा गरिन्छ ?

..................................................................................

६. प्रचलित इहि संस्कार गर्नुको मुख्य उद्देश्य के हो ?

..................................................................................

७. इहि संस्कार गनुको मुख्य सामाजिक तथा धार्मिक मान्यता के के छन् ?

..................................................................................

८. इहि संस्कार कसरी गरिन्छ ?

..................................................................................

९. इहि संस्कार कहाँ गर्नु हुन्छ ?

..................................................................................

१०. इहि सस्कार गर्न कति दिन लाग्छ र अनुमानित खर्च कति जति लाग्छ ?

..................................................................................

११. इहि संस्कार गर्नका लागि के के सामग्रीहरू चाहिन्छ ?

..................................................................................

१२. तपाईले इहि संस्कार गर्दा नेवार पुरोहित वा पर्वते ब्राह्मण कुन प्रयोग गर्नुहुन्छ ?

..................................................................................